# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

## तानसेन नगरपालिका

## पाल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**


प.सः २०७८।७९
च.नः ६८ मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू,
तानसेन नगरपालिका, पाल्पा

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................
नारायण एम.सी.
( नायव महालेखापरीक्षक)

***बोधार्थः***
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८/७९

च.नं. ६८

मितिः२०७८।५।४

श्री नगर प्रमूखज्यू,

तानसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,पाल्पा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

## कैफियत सहितको राय

हामीले तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्थाको चित्रण गर्दछ ।

## कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.१२ करोड २० लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६७ लाख ३७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८ करोड ४४ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ९७ लाख ६९ हजार र पेश्की बाँकी रु.१० लाख ४६ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया र प्रमाण कागजात पेश नभएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना चौवन्न (५४) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..........................

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

**तानसेन नगरपालिका**
**लेखापरीक्षण प्रतिबेदन**
**२०७६।७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७२ सभा सदस्य, १०९.८० वर्ग किलोमिटर क्षेत्रफल तथा ५०४०५ जनसंख्या रहेको छ ।

**स्थानिय सञ्चितकोष :** आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि नं | आय तर्फ | | | सि.नं | ब्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | रकम | | विवरण | | रकम |
| १ | **आन्तरिक आम्दानी** | | ५००७९००४.६० | १ | **चालु खर्च** | | ४५७६०५२६८.४० |
| २ | **नेपाल सरकारबाट अनुदानप्राप्त** | | ६३१७८९८६५ | क | प्रशासनिक चालु खर्च | १३९७२०३११.५० | |
| क | राजस्व बाँडफाँड | ८११९२९३५ | | ख | सशर्त अनुदान संघ | ३१३४०१५६७.९० | |
| ख | वित्तिय समानिकरण अनुदान | १५७८००००० | | ग | सशर्त अनुदान प्रदेश | ४४८३३८९ | |
| ग | सशर्त अनुदान | ३७०६१७००० | | २ | **पूँजीगत खर्च** | | १८१५०५३०२.१० |
| घ | विशेष अनुदान संघ | १०००००००० | | क | पूँजीगत खाता | १४२४१७४२६.१० | |
| ङ | संघिय समपुरक अनुदान | ११९००००० | | ख | संघिय सरकारबाट हस्तान्तरित | २०७३२०१२ | |
| च | एल जि सि डि पि कार्यक्रम | २७९९३० | | ग | संघिय समपुरक | ६४००००० | |
| ३ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४८४०९२३२.१० | घ | समपुरक प्रदेश | ४८६६४२६ | |
| क | वित्तिय समानिकरण अनुदान प्रदेश | ४७४५५०० | | ङ | प्रदेश सशर्त | १०००००० | |
| ख | सशर्त अनुदान प्रदेश | ११०००००० | | च | विशेष अनुदान प्रदेश | ६०८९४३८ | |
| ग | विशेष अनुदान प्रदेश | १०००००००० | | ३ | **संघ फिर्ता** | | ५१९८३४२०.२० |
| घ | समपुरक अनुदान प्रदेश | १५०००००० | | ४ | **प्रदेश फिर्ता** | | १९५६०७४७ |
| ङ | राजस्व बाँडफाँड प्रदेश | ७६६३७३२.१० | | 5 | **चालु तथा पूँगीगतबाट मूलकोषमा फिर्ता** | | २७१९४५८९.४० |
| ४ | **अन्य अनुदान तथा सहयोग** | | १८९१०८१३ | ६ | **कारीतासबाट कृषी सम्बन्धी कार्यक्रम** | | ६२१६६७ |
| क | सडकबोर्डबाट पूँजीगत अनुदान | ६३०१३४४ | | ७ | **न्यानो शित्तल घर** | | ८५३९४० |
| ख | जनसहभागिता ६०/४० नगद | ३४०९४६९ | | ८ | **सांसद विकास कोष** | | २०८२९४०८ |
| ग | अद्यौगिक ग्राम | ९२००००० | | ९ | **पर्यटन पूर्वाधार विकास आयोजना** | | २५४२५ |
| ५ | **कारीतासबाट कृषी सम्बन्धी कार्यक्रम** | | ६२१६६७ | ११ | **राष्ट्रिय परिचयपत्र पंजीकरण** | | १०८९६३४ |
| ६ | **न्यानो शितल घर** | | १०००००० | १२ | **समाजिक सुरक्षा अनुदान** | | १२१६७०००० |
| ७ | **सांसद विकास कोष** | | २०८२९४०८ | १३ | **कोभिड कृषी कार्यक्रम** | | २८२०००० |
| ८ | **पयटन पूर्वाधार विकास आयोजना** | | २५४२५ | १४ | **समाज कल्याण कार्यक्रम** | | ११००००० |
| ९ | **राष्ट्रिय परिचयपत्र पंजीकरण** | | १०८९६३४ | १५ | **कोरोना भाइरस संक्रमण तथा नियन्त्रण कोष** | | २०१८९३३५ |
| १० | **समाजिक सुरक्षा अनुदान** | | १२१६७०००० | १६ | **नगर साझेदारी साँवा ब्याज बापत प्राप्त रकम** | | ० |
| ११ | **कोभिड कृषी कार्यक्रम** | | २८२०००० | १७ | **धरौटी फिर्ता** | | ९२४१०५६ |
| १२ | **समाज कल्याण कार्यक्रम** | | ११००००० | १८ | **धरौटी सदरस्याहा** | | ४५१७१९ |
| १३ | **कोरोना भाइरस संक्रमण तथा नियन्त्रण कोष** | | २६२३५००० | १९ | **बैंक मौज्दात** | | १९७९०९३३८.७० |
| १४ | **नगर साझेदारी साँवा ब्याज बापत प्राप्त रकम** | | ५०६१४० | क | मूलकोष खाता | ११९८६७२४७ | |
| १५ | **यूवा स्वरोजगार** | | ४५००००० | ख | पूँजीगत खाता | ० | |
| १६ | **एस बि आई बैंक ब्याज बापत प्राप्त** | | ३३१९९७.६० | ग | चालू खाता | ० | |
| १७ | **धरौटी प्राप्त** | | ६६४५३९४.१० | घ | कर्मचारी कल्याण कोष खाता | २९७१३५८ | |
| १८ | **हिमालयन बैंक आम्दानी** | | ५१९८५९.१० | ङ | मर्मत सम्भार कोष खाता | ३६३२६४३.१० | |
| १९ | **कन्टिन्जेन्सी कट्टी तथा अन्य आम्दानी** | | ४१०२२६८.४० | च | राजस्व बाँडफाँड खाता | १८२४५१११ | |
| | **आ.व. 2075/76 बाट जिम्मेवारी** | | १७३४६५१४१.९० | छ | दैवी प्रकोप खाता | ३४१४७२.५० | |
| क | मूलकोष खाता | ११४२३८४१८ | | ज | मानव संसाधन कोष खाता | ३१३५० | |
| ख | पूँजीगत खाता | ० | | झ | वातावरण संरक्षण कोष खाता | ५१३१७३.१० | |
| ग | चालू खाता | ० | | ञ | गरिबी निवारण कोष खाता लागत सहभागिता | ० | |
| घ | कर्मचारी कल्याण कोष खाता | २९७१३५८ | | ट | सित भण्डार खाता एस बि आई बैंक | ७४१०५११.७० | |
| ङ | मर्मत सम्भार कोष खाता | ३६३२६४३.१० | | ठ | एस बि आई बैंक चल्ती खाता | १६२२७२.३० | |
| च | राजस्व बाँडफाँड खाता | २०५०००० | | ड | कृषि विकास बैंक खाता सामाजिक सुरक्षा | २६६८८९९ | |
| छ | दैवी प्रकोप खाता | ३४१४७२.५० | | ढ | महिला तथा बालबालिका कोष खाता | ७१०६९५.४० | |
| ज | मानव संसाधन कोष खाता | २१९०२ | | ण | नेपाल बैंक लिमिटेड युवा स्वरोजगार | ९५००००० | |
| झ | वातावरण संरक्षण कोष खाता | ५१३१७३.१० | | त | नेपाल बैंक लिमिटेड गाउँ नगर साझेदारी कोष | ७४७९३४.२० | |
| ञ | गरिबी निवारण कोष खाता लागत सहभागिता | ७९३७२०३.३० | | थ | हिमालयन बैंक | १५७०३९८.९० | |
| ट | सित भण्डार खाता एस बि आई बैंक | ७२४०२४६.४० | | द | धरौटी मौज्दात | २०३३१२९१.३० | |
| ठ | एस बि आई बैंक चल्ती खाता | ५४० | | ध | हिमालयन बैंक | १६३७३९८.५० | |
| ड | कृषि विकास बैंक खाता सामाजिक सुरक्षा | २७८६१९९ | | न | कोरोना भाइरस संक्रमण उपचार कोष | ७५६७५८२.७० | |
| ढ | महिला तथा बालबालिका कोष खाता | ७१०६९५.४० | | | | | |
| ण | नेपाल बैंक लिमिटेड युवा स्वरोजगार | ५०००००० | | | | | |
| त | नेपाल बैंक लिमिटेड गाउँ नगर साझेदारी कोष | ३३७९३४.२० | | | | | |
| थ | हिमालयन बैंक | १५५४९३९.५० | | | | | |
| द | धरौटी मौज्दात | २३०१०८७७.९० | | | | | |
| ध | हिमालयन बैंक | १११७५३९.५० | | | | | |
| | **जम्मा आम्दानी** | | १११४६५०८४९.८० | | | | १११४६५०८४९.८० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२,८३,४१,१९५.३७ ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षण पेश भएन।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.१६६७६००५१।१८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१७३४६५१४१।९० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६७०५०९०।७२ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ६७०५०९० |
| ३. | **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले पेश गरेको विवरण अनुसार संचालन गरेको बैंक खाताहरुको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण अनुसार मुल कोष खाता (संचित कोष खाता) को बैंक हिसाब मिलान विवरण तयार गरि पेश गरे अनुसार बैंकमा देखिएको रु.२३,१७,८३,३४८.३०/- मध्ये आ.व. समाप्त पश्चात मिति २०७७/४/1 मा आय रु.५,७४,६४०.८०/-बैंक दाखिला भएको तथा श्रेस्तामा आ.व. को २०७७/३/३१ मा ट्रान्सफर गरेकोमा बैंकले आ.व. समाप्त पश्चात २०७७ श्रावणमा ट्रान्सफर गरेको रु.११,१९,१६,१०१/-समेत समावेश गर्दा बैंक स्टेटमेन्ट अनुसार बाँकी मौज्दानत रु.१२,०४,४१,८८७.८०/-देखिएकोले श्रेस्ताको बाँकी मौज्दात रु.१२,३३,३५,५६३.३०/-रहेकोले बैंक घटी भएको रु.२८,९३,६७५.५१/-र अन्य बैंक खाताहरुको बैंक हिसाब मिलान नगरेको कारण देहाय अनुसार रु.२,८३,४१,१९५.३७/-फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | २८३४११९५ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मूलकोष खाता | १२३३३५५६३.३० | १२०४४१८८७.८० | २८९३६७५.५१ | बैंक घटी |
| २ | पूँजीगत खाता | ० | ८९१४१.९५ | ८९१४१.९५ | बैंक बढी |
| ३ | चालु खाता | ० | १०९०३४८६.५९ | १०९०३४८६.६ | बैंक बढी |
| ४ | धरौटी मौज्दात | १९८५५९९७.३४ | २०३३१२९१.३४ | ४७५२९४ | बैंक बढी |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>५</td><td>राजस्व बाँडफाँड खाता</td><td>०</td><td>१८२४५१११</td><td>१८२४५१११</td><td>बैंक बढी</td></tr>
<tr><td>६</td><td>कोरोना भाइरस संक्रमण</td><td>६०४५७४५.३६</td><td>७५६७५८२.६९</td><td>१५२१८३७.३३</td><td>बैंक बढी</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४९२३७३०६</td><td>१७७५७८५०१.३७</td><td>२८३४११९३.३७</td><td>बैंक बढी</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.</td><td>
आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।</li>
<li>पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.१,०९,०३,४८६।५९ पुजीगत खर्च खातामा रु. ८९,१४१।९५ गरी रु.१०९९२६२८।५४ मौज्दात राखेको पाईयो ।</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।</li>
<li>कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।</li>
<li>व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।</li>
<li>विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो</li>
<li>वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन</li>
<li>जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।</li>
<li>मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।</li>
<li>कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको १११ जनाको दरबन्दी रहेकोमा ३४ दरबन्दी रित्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.२,६८,५०,४८६।३९ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री लक्ष्मी देवी पाठकले मिति २०७६/३/१० गते रु.१ अर्ब १ करोड ९३ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६/३/१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७६/१०/१९ समेतको निर्णयबाट पुँजीगततर्फ ४० योजना तथा शीर्षकमा रु. ९५,५९,२८६।७२ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८. | **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १०. | **गत बर्षको दायित्व-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यवस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था,उपभोक्ता समिति,फर्महरुलाई रु.१,३५,९०,०००/- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |

११. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु. हजारमा)

| क्र. सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १. | चालु खर्चतर्फ | ४५७६०५ | १२१०८९ | १२१४२३ | २१५०९२ | १४६६१९ |
| २. | पूँजिगत खर्चतर्फ | १८१५०५ | १२८२५ | २३६०० | १४५०७९ | १०७२९७ |
| ३. | **जम्मा** | **६३९११०** | **१३३९१४** | **१४५०२३** | **३६०१७१** | **२५३९१६** |
| ४. | प्रतिशत | १०० | २०.९५ | २२.६९ | ५६.३६ | ३९.७३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ६३ करोड ९१ लाख १० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. १३ करोड ३९ लाख १४ हजार अर्थात् २०.९५ प्रतिशत, दोश्रो चौमासिकमा रु.१४ करोड ५० लाख २३ हजार अर्थात २२.६९ प्रतिशत र तेश्रो चौमासिकमा रु. ३६ करोड १ लाख ७१ हजार अर्थात ५६.३६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २५ करोड ३९ लाख १६ हजार अर्थात् ३९.७३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १६७४६९ | २०५१६ | २.५४ |
| २ | पूर्वाधार विकास | १५५४०९ | ४३८०७० | ५४.२० |
| ३ | सामाजिक विकास | ५६८७८० | १४००१० | १७.३२ |
| ४ | बातावरण तथा विकास | १०३४८४ | १८४९२ | २.२९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३८१९ | १०४०८३ | १२.८८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९७५०० | ८७१४० | १०.७८ |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| जम्मा | ११०६४६१ | ८०८३११ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ५४.२० प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा २.२९ प्रतिशत रहेको छ ।

१३. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.५,००,७९,००४.६०/- राजस्व बाँडफाँड र अनुदानबाट रु.६८,०१,९९,०९७.१०/-समेत रु.७३,०२,७८,१०१.७०/-आम्दानी भएकोमा चालु तर्फ रु.४५,७६,०५,२६८.४०/- र पूँजिगत तर्फ रु.१८,१५,०५,३०२.१०/- समेत रु.६३,९१,१०,५७०.५०/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.८४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु.१,४२,८६,७४९/- खर्च भएको छ जुन आन्तरिक आयको २८.५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.२६ प्रतिशत चालु र २६.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४. **लक्ष्य प्रगतिः** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | बार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ४४३ | ८ | २ | ५ | ० |

## संगठन तथा कर्मचारी व्यवस्थापन

१५. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १११ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ८५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृतसहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६. **कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरु करारमा राखि रु.१७२६४४२०/- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको कम्प्युटर अपरेटर पदमा ५ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१६,३६,०००/- भुक्तानी गरेको अनियमित दिखएको रु. १६३६०००

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१७.</td><td>कर्मचारी प्रोत्साहन भत्ता- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई रु.२१,३८,६७९/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>२१३८६७९</td></tr>
<tr><td>१८.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>१४</td><td>१४</td><td>१४</td><td>१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>१५०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१११०</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३४७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१८०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>४३७</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२३</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>५.४७२</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>२२३</td><td>८८</td><td>५२</td><td>१६</td><td>१८</td><td>३९७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. २५ हजारदेखि ९९ लाखसम्मका जम्मा ३९७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २२३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>२२.</td><td>कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ६ वटा नियमावली, ३४ कार्यविधि लगायत ६४ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशन समेत गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ७७ गरी कुल ७९ विवाद दर्ता भएकोमा ७७ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>आन्तरिक लेखापरीक्षण- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>आन्तरिक लेखापरीक्षण शाखाः प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले</td><td></td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २६. | **लेखा दरबन्दी सम्बन्धमाः**-पालिकामा लेखा अधिकृत सात्तौको दरबन्दी रहेकोमा मिति २०७६/९/१६ गते पश्चात दरबन्दी खाली भई आन्तरिक लेखापरीक्षक छैंठौबाट लेखापालन काम गरे गराएको पाईयो जसको कारण आन्तरिक लेखापरीक्षण भएको छैन । तसर्थ लेखाको दरबन्दी पदपूर्ती गरि आन्तरीक लेखापरिक्षण गर्नु गराउनु पर्दछ। | |
| | **पदाधिकारी सुविधा** | |
| २७. | **पदाधिकारी पारिश्रमिक**- लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/२४ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(ख) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.२९,२५,०००/- खर्च लेखेको देखिन्छ । | |

| बिबरण | नगर प्रमुख | नगर उपप्रमुख | वडाध्यक्ष तथा समिति संयोजक समेत २० जना | का पा २ सदस्य जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| श्रावण देखि आश्विन सम्म | १०५००० | ९०००० | १५००००० | ७८००० | ११५२००० | २९२५००० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २८. | **स्वकीय सचिव र सल्लाहकार** - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले देहायबमोजिमका २ सल्लाहकार नियुक्त गरी रु.५,१६,०००/- भुक्तानी भएको छ । | |

| सि.नं. | पद | नाम | मासिक दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रेस सल्लाहकार | श्री गोविन्द प्रसाद भट्टराई | २८००० | ३३६००० |
| २ | कानूनी सल्लाहकार | श्री जोग बहादुर वि.क. | १५००० | १८०००० |
| | **जम्मा** | | **४३०००** | **५१६०००** |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१,१३,६१,७४९/- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि. नं. | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष | कार्यपालिका सदस्य | सभा सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | ३३६००० | १९२००० | ११२८००० | १७०४००० |
| २ | यातायात खर्च | ० | ० | ३२४००० | ३६०००० | १४८०५१४ | २१६४५१४ |
| ३ | टेलिफोन,मोबाइल | १८००० | १८००० | २३४००० | १४४००० | ८९९२३५ | १३१३२३५ |
| ४ | पुस्तक,पत्रीका,ईन्टर नेट | २२५०० | २२५०० | २३४००० | १४४००० | ४४१००० | ८६४००० |
| ५ | जनसम्पर्क/विशेष र्यसुविधा | ११७००० | ७२००० | ८१९००० | ४०५००० | १३३२००० | २७४५००० |
| ६ | अतिथि सत्कार | ६३००० | ५४००० | ७०२००० | २७०००० | ५४००० | ११४३००० |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | खानेपानी/बिजुली/सरसफाई | ४५००० | ४५००० | २७९००० | ११२५०० | ० | ४८१५०० |
| ८ | मर्मत सम्भार | २२५०० | २२५०० | १३५००० | ११२५०० | ० | २९२५०० |
| ९ | चाडपर्व खर्च | ८००० | ८००० | १०४००० | ६४००० | ४७०००० | ६५४००० |
| | **जम्मा** | **३२००००** | **२६६०००** | **३१६७०००** | **१८०४०००** | **५८०४७४९** | **११३६१७४९** |

३०. **बढी सुविधाः** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई अनुसुची १ मा उल्लेख भए बाहेकको कुनै पनि सुविधा भुक्तानी दिन नमिल्ने व्यवस्था रहेको छ । पालिकाले उक्त ऐनको पहिलो संशोधनबाट हटाइएका सुविधाहरु देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरुलाई भुक्तानी दिइएको पाइयो । ऐनको विपरीत भुक्तानी भएको बढी सुविधाको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. — ६३९०००

| सि. नं. | पद नाम | खानेपानी तथा सरसफाईको रकम | मर्मत सम्भार/ विद्युत् महसुलको रकम | जम्मा |
|---|---|---|---|---|
| १ | वडाध्यक्ष श्री रामप्रसाद बस्याल | २२५०० | २२५०० | ४५००० |
| २ | वडाध्यक्ष श्री वरुण रेग्मी | २२५०० | २२५०० | ४५००० |
| ३ | वडाध्यक्ष श्री महेशलाल शाक्य | २२५०० | २२५०० | ४५००० |
| ४ | वडाध्यक्ष श्री रामबहादुर रावल | २२५०० | २२५०० | ४५००० |
| ५ | वडाध्यक्ष श्री शागरमान महर्जन | २२५०० | २२५०० | ४५००० |
| ६ | वडाध्यक्ष श्री मुक्तिराम जि.सी. | १८००० | ० | १८००० |
| ७ | वडाध्यक्ष श्री रामप्रसाद घिमिरे | १८००० | ० | १८००० |
| ८ | वडाध्यक्ष श्री हरिसुर रेग्मी | १८००० | ० | १८००० |
| ९ | वडाध्यक्ष श्री लोचनप्रसाद तिमिल्सना | १८००० | ० | १८००० |
| १० | वडाध्यक्ष श्री दामोदरप्रसाद घिमिरे | १८००० | ० | १८००० |
| ११ | वडाध्यक्ष श्री देवेन्द्र बहादुर राना | २२५०० | २२५०० | ४५००० |
| १२ | वडाध्यक्ष श्री टुक प्रसाद भट्टराई | १८००० | ० | १८००० |
| १३ | वडाध्यक्ष श्री कमल राना | १८००० | ० | १८००० |
| १४ | कार्यपालिका सदस्य श्री शशि श्रेष्ठ | २२५०० | २२५०० | ४५००० |
| १५ | कार्यपालिका सदस्य श्री मैयादेवी घिमिरे | २२५०० | २२५०० | ४५००० |
| १६ | कार्यपालिका सदस्य श्री कमला भण्डारी | २२५०० | २२५०० | ४५००० |
| १७ | कार्यपालिका सदस्य श्री दिपक विश्वकर्मा | २२५०० | २२५०० | ४५००० |
| १८ | कार्यपालिका सदस्य श्री भिमबहादुर कुमाल | २२५०० | २२५०० | ४५००० |
| १९ | वडा सदस्य श्री गणेश बहादुर थापा | १८००० | ० | १८००० |
| | **जम्मा** | **३९१५००** | **२४७५००** | **६३९०००** |

३१. **वैदेशिक भ्रमण** – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणमा रु.२,८५,०००/- खर्च भएको देखिन्छ । यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।

| सि.नं. | बैदेशिक भ्रमणमा जानेको पद र नाम | भ्रमण गरेको देश | भुक्तानी रकम |
|---|---|---|---|
| १ | श्री अशोक कुमार शाही | चिन | ५७००० |
| २ | श्री कमल राना | चिन | ५७००० |
| ३ | श्री सुमित्रा शाही | चिन | ५७००० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | श्री दिवाकर अर्याल | चिन | ५७००० |
| ५ | श्री शशि श्रेष्ठ | चिन | ५७००० |
| | जम्मा | | २८५००० |

३२. **विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.१६,८९,९४०/- खर्च गरेको छ ।

३३. **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१,९८,०००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ

**अनुदान फिर्ता, वितरण र उपयोग**

३४. **अनुदान फिर्ता—** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन ।कार्यालयबाट प्राप्त विवरण अनुसार खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम आर्थिक वर्षभित्र फिर्त नगरि २०७७ श्रावण महिनामा मात्र फिर्ता गरेकोले बाँकी रकम समयमै फिर्ता गर्नुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | सशर्त | ३७०६१७००० | ३३४१३३५७९.९० | ३६४८३४२०.१० |
| | विशेष | १००००००० | ० | १०००००००० |
| | समपुरक | ११९००००० | ६४००००० | ५५००००० |
| **प्रदेश सरकार** | सशर्त | ११०००००० | ५४८३३८९ | ५५१६६११ |
| | विशेष | १०००००००० | ६०८९४३८ | ३९१०५६२ |
| | समपुरक | १५०००००० | ४८६६४२६ | १०१३३५७४ |
| | **जम्मा** | **४२८५१७०००** | **३५६९७२८३२.९०** | **७१५४४१६७.१०** |

३५. **अनुदानको अनुगमन**- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा खानेपानी महसुलमा रु.२५,००,०००/- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३६. **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष कुल ३ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३,७५,०००/- खर्च गरेको छ ।

३७. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । **(रु.हजारमा)**

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २२९८७ | ५ | १६४७ | १ | ६३२ | १४ | २०४९१० | | |

३८. **बार्षिक खरिद योजना/गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८,१५,०५,३०२/- पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३९. **सवारीसाधन खरिद**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.५०,९०,०००/- बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | गार्बेज कम्प्याक्टर | १ | ५०,९०,०००/- |

## कर दस्तुर एवं आन्तरिक आय

४०. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६,९७,१७,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.५,५०,९०,६५०।९७ अर्थात अनुमान भन्दा २०.९८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४१. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४५५९९०३८२.८५ | ५००७९००४.६० | १०.९८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.९८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | **कर तथा शुल्क असुली-** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ७७६१४०० | ७८३३८४५.९६ | १००.९३ |
| घरजग्गा वहाल कर | ५०१९६०० | ७०३३८८०.७१ | १४०.१३ |
| व्यवसाय कर | ३६२४००० | २६७८८५०.४० | ७३.९२ |
| वहाल विरौटी शुल्क | २००००० | ७६२४५ | ३८.१२ |
| विशेष सेवा | ४०६८००० | २६५४८७८.५० | ६५.२६ |
| अन्य | ४९०४४००० | ३४८१२९५०.४० | ७०.९८ |
| **जम्मा** | **६९७१७०००** | **५५०९०६५०.९७** | **७९.०२** |

| | | |
|---|---|---|
| | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ४३. | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेकोमा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ । यस्तो अवस्थामा संघीय कानून अनुसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो । स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ। | |
| ४४. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ४५. | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १४ वटा वडा र पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ | |
| ४६. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२६,७८,८५०।४० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४७. | <u>**पसल बहाल र जरिवानाः-**</u><br>(क) कार्यालयले बसपार्कमा रहेको सटर नं.१ श्री भिम कुमारी शाक्यलाई सम्झौतापत्र अनुसार मिति २०७४/४/१ देखि २०७५/३/३१ सम्म म्याद रहने गरि मासिक रु.१२,५००/-को दरले भाडामा दिएकोमा श्रेस्ता परिक्षण गर्दा निजले हालसम्म पनि सटर आफ्नो अधिनमा राखि चलाइरहेको पाइयो। निजको अवधि सकिसकेकोले सम्झौता नविकरण गर्ने अथवा भाडा सम्बन्धी नयाँ सुचना जारि गर्नुपर्ने देखिन्छ। आ.व.२०७५/७६ को लेखापरीक्षण अनुसार बाँकी रु.५,०८,५००/- हालसम्म पनि असुल नभएकोले पालिकाले सम्झौता तथा नियमानुसार ब्याज समेत गणना गरि उक्त रकम यथाशिर्घ असुल गर्नुपर्दछ। साथै आ.व. २०७६/०७७ को असार सम्मको बाँकी रु.१,५०,०००/- मा सम्झौतापत्रको दफा २ अनुसार विलम्ब शुल्क ५०% थप गरि जम्मा रु.२,२५,०००/-निजबाट असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु<br>(ख) कार्यालयले ता.न.पा.वडा नं.३ बसपर्कमा रहेका पालिकाको ३ तल्ले पक्की घर पर्शुराम पौडेललाई चार वर्षको लागि मिति २०७३/१/१० देखि २०७६/१२/३० सम्म सम्झौता गरि भाडामा दिएको छ तर सम्झौता अवधि समाप्त भइसके पनि भवन बहालबाला कै अधिनमा रहेकोले पालिकाले सम्झौता नविकरण गर्नुपर्ने अथवा भाडा सम्बन्धी अर्को सुचना जारि गर्नुपर्ने देखिन्छ। सम्झौता अनुसार मासिक रु.२४,५५५/- र दुई वर्षपछि तेस्रो वर्ष पहिलो र दोश्रो वर्षमा १०% ले वृद्धि हुने र चौथौ वर्ष तेस्रो वर्षको १०% वृद्धि हुने कुरा स्पष्ट छ । उक्त सम्झौता अनुसार आ.व.२०७६/७७ को कुल ३,६५,४५२.०५/- मध्ये रु.१,३५,०५२.५०/- मात्र प्राप्त भएको ले बाँकी रु.२,३०,३९९.५५/- मा सम्झौतापत्रको दफा ४ अनुसार विलम्ब शुल्क ५०% थप गरि जम्मा रु.३,४५,५९९.२८/- निजबाट असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु. | २२५०००<br><br>३४५५९९ |
| ४८. | <u>**आय ठेक्का सम्बन्धी**</u><br>(क) थापा कन्सट्रक्सनलाई तिनाउ खोला सिमलघाट बगर र अम्लिहान देखि लालपाटीसम्मको नदिजन्य पदार्थको आय ठेक्काको न्युनतम ठेक्का रकम रु.५,४०,७११/-रहेकोमा रु.५,६०,०००/-मा सम्झौता गरि दिएको देखियो। सम्झौता अनुसार एकमुष्ट भुक्तानीमा कबोल रकमको ५% छुट दिने तर न्युनतम ठेक्का रकम भन्दा कम नहुनेगरी छुट दिने भनिएकोमा थापा कन्सट्रक्सनले ५% ले रु.२८,०००/- घटाई रु.५,३२,०००/-मात्र भुक्तानी गरेकोले न्युनतम ठेक्का रकम भन्दा रु.९,८४४/-(मु.अ.कर समेत) कम भएकोले उक्त रकम थापा कन्सट्रक्सनबाट असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु.<br>(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। निम्न ठेक्केदारहरुले | ९८४४ |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देहाय बमोजिम ठेक्का लिएकोमा मुल्य अभिवृद्धि कर नतिरी रकम भुक्तानी गरेकोले निजहरुबाट मु.अ.कर रकम असुल गरि दाखिला गर्नुपर्ने रु. | ४१०२५२ |

| ठेक्केदारको नाम | शिर्षक/ठेक्का | कबोल रकम | असुली | मु.अ.कर बाँकी |
|---|---|---|---|---|
| जित कन्सट्रक्सन एण्ड सप्लायर्स | कालिगणडकी नदिको छतिवन वगर | १२६००००.०० | १३४१९००.०० | ८१९००.०० |
| छाँया एडभर्टटाइजिङ | विज्ञापन कर | ३६५०००.०० | ३६५०००.०० | ४७४५०.०० |
| श्रेष्ठ निर्माण सेवा | श्रीनगर पार्क शुल्क संकलन | २००००००.०० | २१३००००.०० | १३००००.०० |
| आर.एण्ड आर. सिभिल कन्सट्रक्सन सेवा | रानीमहल दरबार प्रवेश | ७०१९९९.०० | ७०१९९९.०० | ९१२६०.०० |
| श्रेष्ठ निर्माण सेवा | रिडीघाट व्यवस्थापन | ४२५०००.०० | ४६०९६१.०० | १९३४२.०० |
| एन.पि. विल्डर्स | पार्किङ्ग शुल्क व्यवस्थापन | ६२००००.०० | ६६०३००.०० | ४०३००.०० |
| **असुल गर्नुपर्ने जम्मा मु.अ.कर रकम** | | | | ४१०२५२.०० |

## आयकर एवं मू.अ.कर

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **मूल्य अभिवृद्धि कर कट्टी-** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.४४९४७१।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४४९४७१ |

| गो.भौ.नं./मिति (नगरपालिका चालुतर्फ) | भुक्तानी पाउनेको नाम | प्यान नं./बिल नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ५२०/२०७७-३-२३ | घिमिरे प्लाष्टिक पसल | - | ४८४०९२ | ५५६९२ | २७८४६ |
| ७३५/२०७७-२-१ | न्यू सृष्टी सप्लायर्स | ६०२९३६३८१ | ३८५६१२.५० | ४४३६२.५० | २२१८१.२५ |
| ८६२/२०७७-२-२९ | शुभ पाण्डे स्टेशनरी | ६०७५९९०९५ | ४१८४१६ | ४८१३६.४० | २४०६८.२० |
| १११४/२०७७/३/२९ | बन्धु अफसेट प्रेस | ३०३०९५०९७ | ४९३४०५ | ५६७६३ | २८३८१.५० |
| १५६/२०७७-३-२९(संघिय चालु) | दुर्गा प्रिन्टिङ तथा स्टेशनरी उद्योग | ६०१५३५०२६ | ४९९९६१ | ५७५१७ | २८७५८.५० |
| २६-०७६/७/६ | अटोवेज प्रा.ली. | १६८-०७६/५/३ | ५०९००००.०० | ५८५५७५.०० | २९२७८७.०० |
| २७-०७६/७/६ | भैरव इलेक्ट्रीक एण्ड लाईट हाउस | ३०१,३०२,३०४-०७६/६/२२ | ४४२४२८.०० | ५०८९८.०० | २५४४९.०० |
| | जम्मा | | ७८१३९१४.५ | ८९८९४३.९ | ४४९४७१.४५ |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **<u>मुल्य अभिवृद्धि करः-</u>** पालिकाले प्राकृतिक श्रोत विक्रीका लागि ठेक्का बिक्री मुल्यमा लाग्ने मु.अ.कर मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) अनुसार भुक्तनीमा ५०% ले कट्टी गरिएका मु.अ.कर सम्बन्धीत राजश्व कार्यालयमा दाखिला नगरि ठेक्का प्राप्त गर्ने र आपूर्तिकर्तालाई नै फिर्ता गरिएको छ । आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने मु.अ. कर फिर्ता गर्ने गराउने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त मु.अ. कर वापतको रकम असुल गरि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने रु. | २०७७६४ |

| भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | मु.अ.कर रकम |
|---|---|---|
| ३६-०७६/८/१ | जित कन्सट्रक्सन | १६६१२८.०० |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>७६-०७६/९/२५</td><td>शर्मा निर्माण सेवा</td><td>४१६३६.००</td></tr><tr><td></td><td>जम्मा रकम</td><td>२०७७६४.००</td></tr></table></td><td></td></tr>
<tr><td>५१.</td><td>आयकर ऐन,२०५८ को दफा ८८ र ८९ अनुसार मुल्य अभिवृद्धी करमा दर्ता भएका सेवा प्रदायक वा आपूर्तिकर्ताहरुलाई मु.अ.कर सहितको कर विजक अनुसार भुक्तानी गर्दा विजक मुल्यको १.५% कर कट्टी गर्नुपर्ने र मु.अ. करमा दर्ता नभएको आपूर्तिकर्ता वा सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्दा १५% कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले लुम्बिनी मेडिकल कलेजलाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रसुती सेवा खर्च देहाय अनुसार सेवाग्राहीको खर्च रु.६९,१९,६००/-सोधभर्ना र स्वास्थ्य संस्था मेडिकल कलेजको शुल्क रु.८७,५८,०००/-समेत रु.१,५६,७७,६००/- भुक्तानी दिएकोमा मेडिकल कलेजले बील तथा कर विजक जारि गरेको छैन । अतःकर विजकसमेत जारि नगरेकोले मेडिकल कलेजको सेवा शुल्क भुक्तानीमा ऐन अनुसार १५% कर कट्टी गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>अवधि</th><th>जम्मा भुक्तानी</th><th>सेवाग्राहीको खर्च</th><th>मेडिकल कलेजको शुल्क</th><th>१५% कर</th></tr>
<tr><td>१२-०७६/७/२०</td><td>असार१६-३१,श्रावण,भाद्र</td><td>५१९३१००.००</td><td>२३२१६००.००</td><td>२८७१५००.००</td><td>४३०७२५.००</td></tr>
<tr><td>२७-०७६/९/२५</td><td>कार्तिक-मंसिर</td><td>२९५२२००.००</td><td>१३२९२००.००</td><td>१६२३०००.००</td><td>२४३४५०.००</td></tr>
<tr><td>६३-०७७/१/४</td><td>पुस-माघ</td><td>२३९०७००.००</td><td>१०३७२००.००</td><td>१३५३५००.००</td><td>२०३०२५.००</td></tr>
<tr><td>७८-०७७/२/२</td><td>फागुन-चैत्र</td><td>२२७४५००.००</td><td>१०१२०००.००</td><td>१२६२५००.००</td><td>१८९३७५.००</td></tr>
<tr><td>१४०-०७७/३/२४</td><td>बैशाख-जेठ-असार</td><td>२८६७१००.००</td><td>१२१९६००.००</td><td>१६४७५००.००</td><td>२४७१२५.००</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>१५६७७६००.००</td><td>६९१९६००.००</td><td>८७५८०००.००</td><td>१३१३७००.००</td></tr>
</table></td><td>१३१३७००</td></tr>
<tr><td></td><td>उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>५२.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.</td><td>लागत सहभागिता- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४.</td><td>उपभोक्ताको विल भपाईः- आर्थिक नियमावली,२०६४ मा कार्यालयले रकम भुक्तानी गर्दा रितपूर्वकको विल भपाईको आधारमा गर्नु पर्ने उल्लेख छ ।कार्यालयले उपभोक्तालाई रकम भुक्तानी गर्दा नापि तथा कार्यसम्पन प्रतिवेदनको आधारमा गर्ने गरेको भए पनि उपभोक्ताले खर्च गरेका रकमको विल भपाई समेत लिई भौचर</td><td></td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | साथ संलग्न गरेको देखियो । उपभवक्ताको विल परिक्षण गर्दा लागत अनुमानमा समावेश नभएका कार्यमा खर्च गरेको,सादा कागजमा भपाई गराएको आधारमा ठूलो रकम भुक्तानी दिने गरेको,मष्टरोल फारममा उल्लेख गर्नु पर्ने सबै व्यहोरा उल्लेख गर्ने नगरेको,लागत अनुमानमा उल्लेख नभएको भन्दा बढी दरमा खरिद गर्ने जस्ता कैफियत देखियो ।कार्यालयले उपभोक्ताले पेश गरेको विल भपाईको आधारमा नभई कामको नाँपजाँचको आधारमा भुक्तानी दिने भए पनि उपभोक्ताले लागत अनुमानको आधारमा काम गर्ने भएकोले दर विश्लेषण अनुसारका सामान तथा मूल्य र उपभोक्ताले पेश गरेका विलमा उल्लेख भएको मूल्य परिमाण तथा सामाग्रीमा सामान्जस्यता हुनुपर्दछ । | |
| ५५. | **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य उपभोक्ता समितिबाट भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५६. | **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा खरिद समान तथा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ५७. | **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखिएन । | |
| ५८. | **फ्याग स्टोन बिछ्याउने काम-** तानसेन वडा नं.३ र ४ मा पर्ने भगवति मन्दिर उत्तरगेट-मेघा बैंक-सितलपाटी-मख्खनटोल हुदै एन आइ सि एसिया बैंकसम्म ४४० मीटर लम्बाइमा फ्याग स्टोन बिछ्याउने कामको लागि मू.अ.कर समेत रु.२३८९८७६४।०० भएकोमा बोलपत्रको माध्यमबाट सबैभन्दा कम कबोल गर्ने शि.एम/शिवालय जे.भि.काठमाडौंसंग मिति २०७६।१२।३० सम्म सम्पन्न गर्ने गरी मू.अ.कर समेत रु.१८३१९४५५।०० मा मिति २०७५।१२।१ मा सम्झौता भए अनुसार गत आ.ब.मा पहिलो रनिङ्ग बिल वापत मू.अ.कर समेत रु.१४५२३८९।०० भुक्तानी भइसकेको र यस वर्ष दोश्रो रनिङ्ग बिल रकम मू.अ.कर समेत रु.५५८७११०।०० गरी हालसम्म रु.७०३९४९९।०० भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन ।<br>यस निर्माण कामको मुख्य काम फ्याग स्टोन बिछ्याउने भएको हुनाले सो सम्बन्धमा पालिकाले ध्यान दिइ लागत अनुमान तथा स्पेशिफिकेशन अनुसार समयमा निर्माण काम सम्पन्न गराउनुपर्नेमा नगरकार्यपालिकाको मिति २०७६।१२।६ को निर्यणले प्रथम पटक ३ महिना मिति २०७७।३।३१ सम्म र नगरकार्यपालिकाको मिति २०७७।३।२५ को निर्यणले दोश्रो पटक ६ महिना मिति २०७७।९।३० सम्म म्याद थप चाडपर्वको कारण कामदार नपाएको कारण उल्लेख गरी म्याद थप निवेदन दिए अनुसार म्याद थप भएको पाइएकोले समयमै गुणस्तरीय निर्माण कार्य गराउनुपर्ने देखिन्छ । | |
| ५९. | **कोभिड बिशेष कृषि कार्यक्रम-** कोभिड -१९ का कारण भविष्यमा वेरोजगारी बढ्ने र दिर्घकालिनमा खाद्य संकट पर्न सक्ने बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यावसायिक खेति | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रवद्धनबाट रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेश बाट आउने तरकारी आयातलाई घटाइ व्यापार घाटामा पनि कम गराउन कोभिड लक्ष्यीत व्यवसायिक तरकारी प्रवद्धन कार्यक्रम संचालन तथा श्रृजना गरी भविष्यमा आउन सक्ने खाद्य संकटको समस्या समाधान गर्न समेत सहयोग हुने उदेश्य राखी विदेशवाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागि आर्थिक वर्षको अन्त्यमा रु.२८२००००।०० प्राप्त गरी १४१ जना कृषकहरुलाई रु.२००००।०० को दरले गरी रु.२८२००००।०० बितरण गरेको पाइयो । पालिकाले यस कार्यक्रमबाट सहयोग पाउनेहरुको विवरण तथा अभिलेख राखि कार्यक्रमलाइ निरन्तरता दिए नदिएको बारेमा कोभिड विशेष कृषि कार्यक्रम कार्यविधि २०७७ ले बनाएको मापदण्ड प्रभावकारी भएतापनि आ.वको अन्त्यमा अनुदान निकासा भएको देखिएकाले कार्यविधि अनुसारको मापदण्ड पूर्ण रुपमा पालना गरेको पाईएन । जस्तै तरकारी खेति मौरीघार तथा वाखापालन संम्बन्धमा कार्यविध २०७७को परिच्छेद ४ र ७ को वुंदा नं २६ र २७ तथा ३६ र ३७ ले ब्यवस्था गरे अनुसार खर्चको मापदण्ड तथा भुक्तानी प्रकृया मा कमि देखिदा आ.व पश्चात पनि संवन्धितवालाले तोकिएको कार्य अनुसार कार्य गरेको छ वा छैन भन्ने सम्वन्धमा अनुगमन गरी सो सम्बन्धमा भएका कमी कमजोरीका सम्बन्धमा पालिकाले अनुगनमन गरेको समेत देखिएन | |
| ६०. | **जनश्रमदानः**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर,ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १०४९७१३ |

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | सम्झौता रकम | पालिकाले व्यहोर्ने रकम | कार्य सम्पन्न रकम | पालिकाले व्यहोर्ने रकम | अनुपातिक व्यहोर्ने रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| **स्थानिय पूर्वाधार विकास ससाझेदारी** | | | | | | | |
| १-०७६/१०/१५ | लालिगुराँस टोल बाटो निर्माण समिति | १०६९२३८.०० | ९५००००.०० | १०५७८५९.०० | ९५००००.०० | ९३९८९०.०० | १०११०.०० |
| ५-०७७/१/७ | चण्डी भञ्ज्याङ लुङ जोर्ने मो.बा.उ.स. | १०५८५५०.०० | ९५००००.०० | १००६०७७.०० | ९०५४६९.०० | ९०२९०८.०० | २५६१.०० |
| ६-०७७/२/२२ | महेन्द्र बोधी माध्यमिक विद्यालय निर्माण उ.स. | १०८४९८३.०० | ९५००००.०० | १०६१८९३.०० | ९५००००.०० | ९२९७८२.०० | २०२१८.०० |
| १७-०७७/३/२५ | योग तथा व्ययाम केन्द्र निर्माण उ.स. | ५२९३९११.०० | ४७५००००.०० | ५२३०८८१.०० | ४७०७७९४.०० | ४६९३४४६.०० | १४३४८.०० |
| २२-०७७/३/३० | क्या.उजिर सिंह पार्क निर्माण उ.स. | ५५०७०४२.०० | ४७०००००.०० | ४१०९४७०.०० | ३६९८५२४.०० | ३५०७२३८.०० | १९१२८६.०० |
| १२-०७७/३/२५ | प्रयास पार्क एवं योग घर निर्माण समिति | २०९०३०१.०० | १८६२०००.०० | २००८४३५.०० | १८०७५९२.०० | १७८९०७५.०० | १८५१६.०० |
| १८-०७७/३/२५<br>२०-०७७/३/२९ | आमडाडाँ रिठाखर्क मो. बाटो निर्माण समिति | १०६७८५६.०० | ९५००००.०० | ९२४४६४.०० | ८३२०१७.०० | ८२२४३४.०० | ९५८३.०० |
| **समपुरक प्रदेश** | | | | | | | |
| ७-०७७/३/२७ | सुन्दर गाउँ खानेपानी योजना | १६०९१३८.०० | १४२५०००.०० | १२६६६०३.०० | ११४४४३२.०० | ११२१६६२.०० | २२७७०.०० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | तथा सरसफाई उ.स. | | | | | | |
| | नगरपालिका पूँजिगत तर्फ | | | | | | | |
| | ११-०७६/६/२९ | पाल्पा दरबार फुलवारी निर्माण उ.स. | ११५४७५४.०० | ११५००००.०० | १०४५३७८.०० | १०५४३७७.०० | १०४१०७४.०० | १३३०२.०० |
| | १७-०७६/७/२९ | कैलाश नगर रानिघाट मो.बा.उ.स. | ७३४२२९.०० | ४७५०००.०० | ४५३०९१.०० | ४०७०००.०० | २९३१२१.०० | ११३८७९.०० |
| | २५-०७६/७/२८ | गुन्द्रे खोला मो.बा.उ.स. | ३२६०५५.०० | २८५०००.०० | ३१३४००.०० | २८२०६०.०० | २७३९३८.०० | ८१२२.०० |
| | ७२-०७६/९/२२ | चण्डी भञ्ज्याङ भुतडाडा अधुरो मोटर बाटो निर्माण उ.स. | ४२९४७१.०० | ३३२५००.०० | ४१५२०७.०० | ३३२५००.०० | ३२१४५७.०० | ११०४३.०० |
| | ८१-०७६/१०/५ | खयरतुङ नामिकुवाँ लुहुङ मो.बा.उ.स. | २३९५४८.०० | १९००००.०० | २११९०५.०० | १९००००.०० | १६८०७५.०० | २१९२५.०० |
| | ८२-०७६/१०/५ | खयरतुङ नामिकुवाँ लुहुङ मो.बा.उ.स. | ४९५२४१.०० | ३८००००.०० | ४१४५२४.०० | ३७३०७१.०० | ३१८०६६.०० | ५५००५.०० |
| | १०५-०७६/६/१० | चारापाटी सामुदायिक रेडियो मदन पोखरा मो.बा.उ.स. | ३२१४९०६.०० | २५६५०००.०० | २८७६६६३.०० | २३००६९०.०० | २२९५१३४.०० | ५५५६.०० |
| | ११४-०७६/१०/२१<br>२२४-०७७/१/७ | लुहुङ जोर्ते मोटरबाटो उपभोक्ता समिति | २३४७३००.०० | २०९००००.०० | २३११६७९.०० | २०८०५११.०० | २०५८२८४.०० | २२२२७.०० |
| | ११७-०७६/१०/२६ | नयाँ बस्ती बाटो पि.सि.सि. निर्माण उ.स. | ३३९३६५.०० | २८५०००.०० | ३१७११६.०० | २८५०००.०० | २६६३१५.०० | १८६८४.०० |
| | १३२-०७६/११/२ | नयापाटी सा.रे.म.मो.वा. स्तरोन्नती उ.स. | ५२८८२२.०० | ४७५०००.०० | ५०४६०६.०० | ४७३३६५.०० | ४५३२४९.०० | २०११६.०० |
| | १७२-०७६/११/२० | वौद्या गुम्हा केरावादी रिङरोड मो.बा.उ.स. | ९२८६२५.०० | ७६००००.०० | ८६४५३३.०० | ७६००००.०० | ७०७५४६.०० | ५२४५४.०० |
| | २१३-०७६/१२/१० | कालापानी राना टोल लिफ्ट खा.पा.उ.स. | ९५१२६५.०० | ८५५०००.०० | ८३६३९२.०० | ७५२७५३.०० | ७५१७५२.०० | १००१.०० |
| | २३१-०७७/१/१४ | मौवाडाडा आमडाडा अवल मो.बा.उ.स. | ७४३०१०.०० | ६६५०००.०० | ७३२८१०.०० | ६५९५२९.०० | ६५५८७१.०० | ३६५८.०० |
| | ३०८-०७७/२/१८ | निशान भगवती तथा नेपाली सेना संग्रहालय कक्ष निर्माण समिति | १५८८३९८.०० | १४२५०००.०० | १५८१४६०.०० | १४२३३१४.०० | १४१८७७६.०० | ४५३८.०० |
| | ३५५-०७७/३/२ | रेडक्र तलको चौपारी देखि | १०६३६५६.०० | ९५००००.०० | १०५०५८१.०० | ९४५५२३.०० | ९३८३२२.०० | ७२०१.०० |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | कारागार हुदै काजी पौवा जोड्ने बाटो तथा नालि निर्माण उ.स. | | | | | | |
| | ३८७-०७७/३/८ | लोलाङ्दी मुल संरक्षण क्रियापुत्री भवन/शौचालय तथा बाटो निर्माण उ.स. | १७२६०५०.०० | १५२००००.०० | ११४०६४०.०० | १०२००००.०० | १००४४७४.०० | १५५२६.०० |
| | ४६३-०७७/३/१८ | तिनलाकुरी बाझ राजुवास मो.बा.उ.स. | ८७३०९९.०० | ७६००००.०० | ७८५८३०.०० | ७०७२४७.०० | २८४०३६.०० | २३२११.०० |
| | ५०१-०७७/३/२२ | वडा कार्यालय भवनमा टायल मर्मत लगाउने कार्य उ.स. | ८४६८१०.०० | ७६००००.०० | ८४५२७४.०० | ७६०७४७.०० | ७५८६२१.०० | २१२५.०० |
| | ५४०-०७७/३/२४ | छिडि बाटो निर्माण असनटोल उ.स. | १०६६४१०.०० | ९५७३६२.०० | ८६६८२४.०० | ७८०१४२.०० | ७७८१९२.०० | १९५०.०० |
| | ५७६-०७७/३/२५ | आमडाडा रिठाखर्क मो.बा.उ.स. | १११८०४७.०० | ९९७५००.०० | ९५७३८०.०० | ८६१६४२.०० | ८५४१५६.०० | ७४८६.०० |
| | ५८४-०७७/३/२५ | अर्गली ख्याहा मो.बा. टिकासम गैरे | ८४०५२८.०० | ७१२५००.०० | ६००६१९.०० | ५४०५५७.०० | ५०९१३४.०० | ३१४२३.०० |
| | ५८९-०७७/३/२५ | पकलुवा कन्मुरे अधुरो खा.पा. तथा सिचाई उ.स. | १०७३९८८.०० | ९५००००.०० | १०४६७१५.०० | ९४२०४३.०० | ९२५८७६.०० | १६१६७.०० |
| | ६०१-०७७/३/२५ | पाले पिपल भोटे चौपारी हातिगौडा कृषि सडक | १४८१०५३.०० | १३३००००.०० | १३२७९४९.०० | ११९५१५४.०० | ११९२५११.०० | २६४३.०० |
| | ६७४-०७७/३/२९ | विर्ता शान्ति टोल लिफ्ट खा.पा.उ.स. | १०६५१५७.०० | ९५००००.०० | ९९५६१०.०० | ८९६०४९.०० | ८८७९७२. | ८०७७.०० |
| | ६८४-०७७/३/३० | विपि स्मृती पुस्तकालय निर्माण उ.स. | ५६०८२५.०० | ४७५०००.०० | ५४८१०९.०० | ४७५०००.०० | ४६४२३०.०० | १०७७०.०० |
| | ६९६-०७७/३/३० | रानिमहल एकिकृत विकास योजना नि.उ.स. | ४२६८८३१.०० | ३८०००००.०० | १८९४४५२.०० | १७०००००.०० | १६८६३९१.०० | १३६०९.०० |
| | ६९८-०७७/३/३० | पक्लुवा चोक देखि अम्लियान मो.बा.उ.स. | १९१३२७७.०० | १७१००००.०० | १८९१७६९.०० | १७०२५९२.०० | १६९०७७७.०० | ११८१५.०० |
| | ७१४-०७७/३/३१ | दमकडा चोकदेखि अगारेकुण्ड मो.बा.उ.स. | ६४४७९९.०० | ५७००००.०० | ५५१४८२.०० | ४९६३३३.०० | ४८७५०८.०० | ८८२५.०० |
| | ५१२-०७७/३/२३ | बेलटारी खर्ड तिलाहार हुँदै चुइकने पिपल मो.बा. नालि निर्माण | १७९०९७.०० | १४२५००.०० | १५१७२३.०० | १३४५१३.०० | १२०७२० | १३७९३.०० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|
| | ५२२-०७७/३/२३ | पिपल डाँडा देखि चिलांगदी जोड्ने नयाँ ट्र्याक खोल्ने | ४२९५२२.०० | ३८००००.०० | ३५८९६३.०० | ३२३०६७.०० | ३१७५७६.०० | ५४९१.०० |
| | ५४६-०७७/३/२४ | बाँसटारीदेखी दरबारधुम्का जोड्ने मो.बा. स्तरोन्नती | २२९२२५.०० | १९००००.०० | २१२२३४.०० | १९००००.०० | १७५९१७.०० | १४०८३.०० |
| | ५५१-०७७/३/२४ | कुडापानी खेल मैदान | १२०२१०.०० | ९५०००.०० | ११३६४६.०० | ९५०००.०० | ८९८१३.०० | ५१८७.०० |
| | ५५३-०७७/३/२४ | काभ्रे कडापानी चण्डीस्थान मो.बा. | १९८५५१.०० | १५३०४२.०० | १७९६४५.०० | १५३०४२.०० | १३८४६९.०० | १४५७३.०० |
| | ५६१-०७७/३/२४ | पुरानो स्कुल स्थान भोड देखि देविस्थान पैदल मार्ग | २१८४९१.०० | १९००००.०० | २१०३९५.०० | १८९३५५.०० | १८२९६०.०० | ६३९५.०० |
| | ५६०-०७७/३/२४ | प्रभास मेडिकल कलेज देविस्थान मो.बा.उ.स. | ११७५६३.०० | ९५०००.०० | ८४४९२.०० | ७६०४२.०० | ६८२७६.०० | ७७६६.०० |
| | ५७०-०७७/३/२५ | वौघा गुम्बा सामुदायिक भवन निर्माण | २३१६९०.०० | १९००००.०० | १९७३६०.०० | १७७६२४.०० | १६१८४७.०० | १५७७७.०० |
| | ५६९-०७७/३/२५ | तिलहार खेल मैदान निर्माण | १२१७८१.०० | ९५०००.०० | १०५८८५.०० | ९५०००.०० | ८२६००.०० | १२४००.०० |
| | ५६८-०७७/३/२५ | गाइमुखे धारा पौवा निर्माण | ३२४०९८.०० | २८५०००.०० | ३१६०३५.०० | २८४४३२.०० | २७७९१०.०० | ६५२२.०० |
| | ५८१-०७७/३/२५ | सपाङ्गदी अर्चले बाटो नाली निर्माण तथा पर्खाल | ५४६९३०.०० | ४७५०००.०० | ४९५६३१.०० | ४४६०६८.०० | ४३०४४८.०० | १५६२०.०० |
| | ५८७-०७७/३/२५ | एक घर एक धारा व्यवस्थापन पुराना गाउँ | ४३१९२०.०० | ३८००००.०० | ४१७१४४.०० | ३७५४२९.०० | ३६७०००.०० | ८४२९.०० |
| | ५९५-०७७/३/२५ | गार्गी ठुलो पोखरी धुनाघाट मो.बा. | ३३४३१५.०० | २८५०००.०० | २३३०९७.०० | २०९७८७.०० | १९८७१३ | ११०७४.०० |
| | ५९४-३/२५ | राताडाँडा गल्ते भालुवान कृषि सडक स्तरोन्नती | ३४३३३५.०० | २८५०००.०० | १८०६५२.०० | १६२५८७.०० | १४९९५८.०० | १२६२९.०० |
| | **संघिय सरकारबाट हस्तान्तरित पूर्जिगत** | | | | | | | |
| | ९-०७७/३/३० <br> १२-०७७/३/३० | भगवती आधारभुत विद्यालय शौचालय निर्माण समिति | ८२३०८९.०० | ६६५०००.०० | ७२३८१७.०० | ६५१४३५.०० | ५८४७९५.०० | ६६६४०.०० |
| | १३-०७७/३/३० | जनप्रिय मा.वि. ट्रस ब्लक निर्माण | १७७८१७८.०० | १५६००००.०० | १३९२५२१.०० | १२५३२६९.०० | १२२१६६२.०० | ३१६०४.०० |
| | | **जम्मा रकम** | | | | | | **१०४९७१३.००** |
| ६१. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर, बिटुमिन डिस्ट्रब्युटर, बिटुमिन ब्वाइलर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नपाइने तर लागत अनुमान | | | | | | | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको र सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने ब्यवस्था छ । नगरपालिकाद्धारा उपभोक्ता समिती मार्फत सडक निर्माण तथा मर्मत सुधार सम्बन्धी काममा तपसिल अनुसार आएको छ।

(क) लेखापरीक्षणमा पेश भएका ड्रईङ्ग डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य हो भनी खुल्ने आधार प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिकबाट त्यस सम्बन्धि सिफारिस भएको देखिएन।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्राही समुदायालाई कार्य गराउनको लागि पूर्व शर्तको रुपमा राखेको दिगोपना अभिवृद्धि लगायत विकास कार्यक्रमको वातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेस गर्ने सैद्धान्तिक परिवेशमा भारी उपकरणको प्रयोग बढ्दै जाँदा समग्र प्राकृतिक वातावरण क्षति हुने जोखिम दखिन आउँछ। अर्कोतर्फ सोही परिकल्पना गरेको रोजगारी श्रृजना सम्बन्धी अवधारणा पनि संकट परेको देखियो।

(ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट काम गराउन सकिने छैन भनि स्पष्ट उल्लेख छ।त्यस्तै नियम ९७ (१३"क") मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै पनि काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने स्पष्ट व्यवस्था छ।पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रायोजनको लागि पेश गरेको विल भरपाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन प्रयोग गर्ने गरि लागत अनमान तयार गर्ने गरेको र उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराएको देखियो।उपभोक्ता समितिले स्थानिय श्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यवसायी मार्फत काम गराउँदा परोक्ष्य रुपमा ठेक्कापट्टा भएको स्थिति छ। यसमा नियन्त्रण हुनु पर्दछ।उपभोक्ता समितिले पालिकासँग निर्माण कार्यको सम्झौता गरि निम्न निर्माण व्यवसायीबाट काम गराएको छ।

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | विल रकम |
|---|---|---|---|---|
| स्थानिय विकास पूर्वाधार तर्फ | | | | |
| ५-०७७/१/७ | चण्डी भञ्ज्याङ लुङ्ग जोर्ने मो.बा.उ.स. | ९०५४६९.०० | सुदिष सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. | ८५६८८५.०० |
| ८-०७७/२/२५ | सालबारी सडक विस्तार उ.स. | ९५००००.० | प्रसिद्ध इन्फ्रास्ट्रक्चर प्रा.ली.<br>सिर्जनशिल मल्टिपर्पोज प्रा.ली. | ७०२४०८.००<br>१८०००९.०० |
| नगरपालिका पूँजिगत तर्फ | | | | |
| ८१-०७६/१०/५ | खयरतुङ नामिकुवा लुहुङ मो.बा.उ.स. | १९००००.०० | सुदिष सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. | २३९५९९.०० |
| ८२-०७६/१०/५ | खयरतुङ नामिकुवा लुहुङ मो.बा.उ.स. | ३७३०७१.०० | सुदिष सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. | ४८०३५९.०० |
| १७२-०७६/११/२० | वौद्य-गुम्बा केरबादी रिङरोड उ.स. | ७६००००.०० | सुदिष सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. | ८०००००.०० |
| २२४-०७७/१/७ | बतासेडाँडा लुहुङ जोर्ने मो.बा.उ.स. | २०८०५११.०० | सुदिष सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. | २००९४१२.०० |
| २३१-०७७/१/१४ | मौवाडाडा आमडाडा अवल मो.बा.उ.स. | ६५९५२९.०० | सुदिष सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. | ७८१०००.०० |
| २३८-०७७/१/२३ | बतासेडाँडा ढुङ्गाखानी तिनलाकुरी हुदै सामाकोट मो.बा. | ४५०००००.०० | लिसरा कन्सट्रक्सन | ४५०००००.०० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६४७-०७७/३/२८ | | | | |
| ३६३-०७७/३/३ | बाघखोर खेल मैदान उ.स. | ४७५०००.०० | - प्रसिद्ध इन्फ्रास्ट्रक्चर प्रा.ली.<br>-पि.पि.जि.कन्सट्रक्सन प्रा.ली. | १०५९९१.००<br>१०६००५.०० |
| ४६३-०७७/३/१८ | तिनलाकुरी बाझ राजुवास मो.बा.उ.स. | ७०७२४७.०० | मल्ल कन्सट्रक्सन | ७८६४८०.०० |
| ५७६-०७७/३/१५ | आमडाडा रिठाखर्क मो.बा.उ.स. | ८६१६४२.०० | मल्ल कन्सट्रक्सन | ९७४३५३.०० |
| ५८४-०७७/३/२५ | अर्गली ख्याहा मो.बा.उ.स. | ५४०५५७.०० | सुदिप सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. | ६०८९९९.०० |
| ६०१-०७७/३/२५ | पाले पिपल भोटे चौपारी हाती गौडा कृषि सडक | ११९५१५४.०० | कुसु कन्सट्रक्सन | २४०६९०.०० |
| ६९७-०७७/३/३० | बतासेडाँडा ढुङ्गाखानी तिनलाकुरी हुदै सामाकोट मो.बा. | १३७९०२७.०० | लिसरा कन्सट्रक्सन | १२२७९८६.०० |
| २४९-०७७/१/२३ | चण्डी भञ्ज्याङ खयरतुङ मो.बा.उ.स. | ३७५७५२.०० | मल्ल कन्सट्रक्सन | ४००६१३.०० |
| ६४८-०७७/३/२८ | शैलोच्यगिरी मो.बा.उ.स. | २६६१९१.०० | अकेला निर्माण सेवा | ५८००००.०० |
| ४४८-०७६/१०/२६ | नयाँपाटी सारेम कोकल देउराली बा.उ.नि.स. | २२६७३२.०० | घिमिरे कन्सट्रक्सन | २२२९९४.०० |
| ५२२-०७७/३/२३ | गोर्खेकोट चिलाङ्दी मो.बा.उ.स. | ३४३०६६.०० | शुभ कन्सट्रक्सन | २२९८४२.०० |
| | **जम्मा रकम** | १६७८८८८८.०० | | १६०३३६२५.०० |

६२. **<u>सम्झौता अनुसार कार्य नभएकोः-</u>** उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्षभित्र सम्पन्न हुने गरि गर्नुपर्दछ। तर पालिका र उपभोक्ता समिति विच निम्न वमोजिम सम्झौता भएकोमा यस वर्ष निम्न कार्य भएको पाइयो। सालबसाली रुपमा बजेट विनियोजन हुने यस योजनाहरुको कार्य समयमा सम्पन्न नहुदा पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको साथै आ.व. २०७७/७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाइएन। तसर्थ समयमै कार्य सम्पन्न हुने गरि उपभोक्ता समितिसँग सम्झौता गरि निर्माण कार्य सम्पन्न गर्नु गराउनु पर्दछ।

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान रकम | पालिकाले व्यहोर्ने रकम | र.बि.नं. | प्राविधिक मुल्याङ्कन | खर्च रकम | सम्झौता अवधी |
|---|---|---|---|---|---|---|---|
| ५७१-०७७/३/२५ | अमरनारायण ठुलो पोखरी मर्मत संभार उ.स. | २१११५५७.०० | १९०००००.०० | प्रथम | ७७९७०७.०० | ७०००००.०० | ०७६/११/२३-०७७/२/२९ |
| ६०६-०७७/३/२६ | गौरव योजना चिसापानी देखि वडा कार्यालय सम्मको मो.बा. पक्की नाली निर्माण उ.स. | ३८२०९२७.०० | ३४२००००.०० | प्रथम | १३२०४५९.०० | ११०००००.०० | ०७७/२/१५-०७७/६/१५ |
| ६०७-०७७/३/२६ | तल्लो पिपल ढुङ्गे डाडा गुडिया चौर मा.बा.उ.स. | १४८११२२.०० | १३३००००.०० | प्रथम | ७७९५३४.०० | ७०००००.०० | ०७६/१२/३-०७७/३/२५ |
| ६५२-०७७/३ | -तानसेन चक्रपथ उपभोक्ता समिति<br>-बर्तुङ प्रभास वास्लरी डुम्रे सडक उ.स. | ९९१०२०३.०० | ८९१९१८३.०० | प्रथम | ६८२६४६.००<br>- | ६०००००.००<br>- | ०७७/२/३२-०७७/३/२५ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ९९९९६१६.०० | ८९७७५००.०० | | | | ०७७/२/२८-०७७/३/१० |
| ६९६-०७७/३/३० | रानिमहल एकिकृत विकास योजना नि.उ.स. | ४२६८८३१.०० | ३८०००००.०० | प्रथम | १८९४४५२.०० | १७०००००.०० | ०७७/२/१४-०७७/३/१० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६३. | **परिमाण भन्दा बढी मूल्यांकन**– ८१५–२०७७।२।२२(नगरपालिका चालुतर्फ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका वील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । काभ्रे खानेपानी टंकी निर्माण कार्यको आरको लागि फलामे डण्डी काट्ने .सि.सि., मोड्ने, नक्सा अनुसारका ठाउँमा राख्ने कार्यको दर विश्लेषण अनुसार फलामे डण्डीको प्रति केजी रु .१०२।९० राखेको छ । पालिकाको प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदनमा १२८३.६६ के.जी. फलामे डण्डी प्रयोग भएको भनी उल्लेख भएकोमा उपभोक्ता समितीबाट १०५६ के.जी. फलामे डण्डीको मात्र बिल पेश भएको पाइयो । वास्तविक खरिद र प्राविधिक मुल्याङ्कनमा फरक परेको फलामे डण्डीको परिमाण २२७.६६ के.जी. को रु.१०२।९० का दरले रु.२३४२६/- बढी व्ययभार परेको देखिएको रु. | २३४२६ |
| ६४. | **न्यानो शित्तल घर निर्माणः** पालिकाले यस आ.व.मा ज्येष्ठ नागरिकका लागि न्यानो तथा शित्तल घर निर्माण गरेकोमा देहायको व्यहोरा देखियो ।<br>क) पालिकाले न्यानो तथा शित्तल घर निर्माण गर्न रु.२१,३७,३८३.९५ को लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई २ वटा रनिङ बिल भुक्तानी गरेकोमा प्रथम रनिङ बिलबाट रु.८,५३,९४०/- भुक्तानी गरेको तथा दोस्रो रनिङ बिलबाट रु.९,९०,०००/- गरी रु.१८४३९४०/- भुक्तानी गरेको पाइयो । जसमध्ये प्रथम रनिङ बिल भुक्तानीको गोश्वारा भौचर लगायतका प्रमाण पेश हुन आएन । साथै दोस्रो रनिङ बिल सम्मको अद्यावधिक कार्यको नापी किताब समेत पेश हुन आएन । उक्त रनिङ बिलहरुको भुक्तानीको गोश्वारा भौचर र नापी किताब पेश गर्नुपर्ने रु.<br>ख) कार्यालयले गो.भौ.नं. १०३४ मिति २०७७/३/२५ बाट समेत सोहि भवन निर्माणका लागि प्रथम रनिङ बिलको रु.४५००००/- भुक्तानी दिइएको पाइयो । उक्त रनिङ बिल भुक्तानी भएको कार्य सम्बन्धमा पालिकाले उपभोक्ता समितिसँग गरेको सम्झौता तथा तयार गरेको लागत अनुमान समेत पेश हुन आएन । उक्त कार्य सम्बन्धमा भएको सम्झौता र लागत अनुमान पेश गर्नुपर्ने रु. | १८४३९४०<br>४५०००० |
| | **सशर्त कार्यक्रमतर्फ** | |
| ६५. | **शिक्षक दरवन्दी र पदपूर्ति** - शिक्षा नियमावली, २०५९ नियम ७७(१) बमोजिम पहाडि जिल्लामा ४५ विद्यार्थीहरुमा १ जना शिक्षक हुने व्यवस्था छ । यस पालिकाका ५२ विद्यालयहरुमध्ये धेरै जसो विद्यालयहरुमा शिक्षक संख्याको आधारमा विद्यार्थी अनुपात ज्यादै न्यून रहेको देखिन्छ । ती विद्यालयहरुमध्ये भौगोलिक अवस्थालाई समेत मध्यनजर गर्दै ज्यादै न्यून विद्यार्थी संख्या भएका देहायका विद्यालयहरुलाई मर्ज गर्नुपर्ने देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १. | श्री बराङ्गदी प्रा.वि. | २ | ० | २ | २२ |
| २. | श्री जनहित प्रा.वि. | ४ | ४ | ० | २६ |
| ३. | श्री बालकल्याण प्रा.वि. | २ | १ | ० | १६ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | श्री कलंकी प्रा.वि. | २ | २ | ० | १३ |
| ५. | श्री पिपलडाँडा प्रा.वि. | २ | २ | १ | ३१ |
| ६. | श्री युवा प्रा.वि. | ३ | ३ | १ | ३२ |
| ७. | श्री भयरस्थान प्रा.वि. | ३ | ३ | ० | १६ |
| ८. | श्री नवदुर्गा प्रा.वि. | २ | २ | ० | १९ |
| ९. | श्री सूर्यज्योती प्रा.वि. | ३ | ३ | १ | १९ |
| १०. | श्री भैरव प्रा.वि. | २ | २ | ० | ९ |
| ११. | श्री चन्डिका प्रा.वि. | ३ | ३ | १ | २८ |
| १२. | श्री सरस्वतीनाथ प्रा.वि. | २ | २ | ० | २१ |
| १३. | श्री विष्णु प्रा.वि. | २ | २ | ० | ३६ |
| १४. | श्री अमर प्रा.वि. | ३ | ३ | ० | २६ |
| १५. | श्री कृष्ण प्रा.वि. | ३ | २ | १ | १६ |
| १६. | श्री रुरुक्षेत्र प्रा.वि. | २ | २ | १ | १५ |

६६. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१५,७८,०००/- तलब भत्ता भुक्तानी गरेको पाईयो ।

६७. **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको** - नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भए भन्दा बढी हुने गरी भौ.नं.५९-०७६/१२/३० मा छात्रवृत्तीतर्फ निम्न विद्यालयहरुलाई बढी निकासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. — २१४०००

| विद्यालयको नाम | छत्रवृति निकासा | | | छत्रवृति भरपाई | | | फरक वि. संख्या | दर | बढि रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | वालिका | दलित | जम्मा | वालिका | दलित | जम्मा | | | |
| जनता मा.वि. | २१३ | ६६ | २७९ | १३६ | ४९ | १८५ | ९४ | ४०० | ३७६०० |
| देववाणी सं.सा. मा.वि. | ८८ | ३३ | १२१ | ५३ | २६ | ७९ | ४२ | ४०० | १६८०० |
| सर्वोदय मा.वि. | २५ | ४ | २९ | २२ | ६ | २८ | १ | ४०० | ४०० |
| महेन्द्रबोद्ध मा.वि. | ३६ | २६ | ६२ | २८ | २५ | ५३ | ९ | ४०० | ३६०० |
| युवा प्रा.वि. | ६ | ६ | १२ | ५ | ० | ५ | ७ | ४०० | २८०० |
| कुन्सरे आ.वि. | ३२ | ६ | ३८ | २९ | ५ | ३४ | ४ | ४०० | १६०० |
| बालकृष्ण प्रा.वि. | १३ | ११ | २४ | ७ | ११ | १८ | ६ | ४०० | २४०० |
| सार्वजनिक प्रा.वि. | १४ | ५ | १९ | ११ | ५ | १६ | ३ | ४०० | १२०० |
| बालकन्या भगवती आ.वि. | ६३ | ७९ | १४२ | २२ | ७४ | ९६ | ४६ | ४०० | १८४०० |
| गार्गी मा.वि. | ७२ | ८८ | १६० | ९३ | ५० | १४३ | १७ | ४०० | ६८०० |
| सरस्वतीनाथ प्रा.वि. | ६ | १२ | १८ | ६ | ० | ६ | १२ | ४०० | ४८०० |
| कृष्ण प्रा.वि. | ८ | १६ | २४ | ७ | ० | ७ | १७ | ४०० | ६८०० |
| ज्ञानोदय प्रा.वि. | १२ | ३ | १५ | १० | १ | ११ | ४ | ४०० | १६०० |
| जनप्रिय मा.वि. | ९८ | ५२ | १५० | ९९ | ३७ | १३६ | १४ | ४०० | ५६०० |
| व्रह्माबिष्णु आ.वि. | ६० | २७ | ८७ | २७ | १४ | ४१ | ४६ | ४०० | १८४०० |
| लम्विनी मा.वि. | ८३ | ५१ | १३४ | ६३ | ३३ | ९६ | ३८ | ४०० | १५२०० |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>नामिकुवा आ.वि.</td><td>२१</td><td>३</td><td>२४</td><td>२१</td><td>०</td><td>२१</td><td>३</td><td>४००</td><td>१२००</td></tr>
<tr><td>भगवती आ.वि.</td><td>७०</td><td>३८</td><td>१०८</td><td>५६</td><td>३६</td><td>९२</td><td>१६</td><td>४००</td><td>६४००</td></tr>
<tr><td>शारदा मा.वि.</td><td>५३</td><td>९१</td><td>१४४</td><td>४६</td><td>५</td><td>९१</td><td>९३</td><td>४००</td><td>३७२००</td></tr>
<tr><td>अमरभगवती आ.वि.</td><td>३३</td><td>१९</td><td>५२</td><td>२७</td><td>१</td><td>२८</td><td>२४</td><td>४००</td><td>९६००</td></tr>
<tr><td>बालमन्दिर प्रा.वि.</td><td>१७</td><td>५</td><td>२२</td><td>१३</td><td>८</td><td>२१</td><td>१</td><td>४००</td><td>४००</td></tr>
<tr><td>टिन्टीआँप प्रा.वि.</td><td>३१</td><td>१८</td><td>४९</td><td>१५</td><td>१८</td><td>३३</td><td>१६</td><td>४००</td><td>६४००</td></tr>
<tr><td>राधाकृष्ण प्रा.वि.</td><td>१८</td><td>१</td><td>१९</td><td>१७</td><td>१</td><td>१८</td><td>१</td><td>४००</td><td>४००</td></tr>
<tr><td>रुरुक्षेत्र प्रा.वि.</td><td>८</td><td>४</td><td>१२</td><td>६</td><td>५</td><td>११</td><td>१</td><td>४००</td><td>४००</td></tr>
<tr><td>रैनादेवी प्रा.वि.</td><td>१८</td><td>२५</td><td>४३</td><td>९</td><td>२६</td><td>३५</td><td>८</td><td>४००</td><td>३२००</td></tr>
<tr><td>प्रजातन्त्र प्रा.वि.</td><td>१७</td><td>५</td><td>२२</td><td>११</td><td>५</td><td>१६</td><td>६</td><td>४००</td><td>२४००</td></tr>
<tr><td>बालकल्याण प्रा.वि.</td><td>७</td><td>०</td><td>७</td><td>६</td><td>०</td><td>६</td><td>१</td><td>४००</td><td>४००</td></tr>
<tr><td>पिपलडाँडा प्रा.वि.</td><td>७</td><td>०</td><td>७</td><td>२</td><td>०</td><td>२</td><td>५</td><td>४००</td><td>२०००</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>५३५</td><td></td><td>२१४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८.</td><td>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । भौ.नं.९८-०७७/१/२९ मा दमकडा माध्यमिक विद्यालयलाई तेश्रो चौमासिकको लागि तलबी माग फारम अनुसार जम्मा रु.४९,८०,६३२/- भुक्तानी दिनुपर्ने रु.५०,८३,९५१/- निकासा भएकोले बढी निकासा रकम उक्त विद्यालयबाट असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>१०३३१९</td></tr>
<tr><td>६९.</td><td>मोहन कन्या माध्यमिक विद्यालयका मा.वि.तृतिय तहका शिक्षक गोपाल प्रसाद ज्ञवालीलई जिल्ला शिक्षा कार्यालय पाल्पाबाट मिति २०६२/१२/२३ मा काज सम्बन्धमा आएको चिठ्ठीको पत्र संख्या ०६२/६३वि प्र., चलानी नं.१४५७ अनुसार निजलाई शैक्षिक तालिम केन्द्र "ख" तानसेन पाल्पामा अङ्ग्रेजी विषयको प्रशिक्षकमा खटाइएको र निजको तलब भता तालिम केन्द्रबाट नै पाउने भन्ने कुरा उल्लेख छ। पछि साविकका सबै शैक्षिक तालिम केन्द्रहरु खारेज भएपछि मिति २०७६/१/६ मा शिक्षा तालिम केन्द्रको प.सं.०७५/७६ र चलानी नं. २३१ अनुसार खारेज भएका शैक्षिक तालिम केन्द्रहरु र त्यहाँ रहेका भौतिक सम्पतिहरुको संरक्षण तथा तालिम संचालन गर्नुपर्ने भएकोले अर्को व्यवस्था नभएसम्म साविक बमोजिम यस केन्द्रको पाल्पा शाखामा रहि कामकाज गर्ने बारे उल्लेख छ तर निजको तलब भता कहाँबाट भुक्तानी हुने भन्ने सपष्ट नभएकोले दोहोरो तलब भुक्तानी हुने सम्भावना देखियो। अतः निजले काजमा खटिएको तालिम केन्द्रबाट तलब भता नबुझेको प्रमाण पेश गर्नुपर्ने अन्यथा विद्यालयबाट निजको नाममा भुक्तानी भएको आ.व.२०७६/७७ को तिनवटै चौमासिकको रकम असुल गर्नेपर्ने रु.</td><td>६५८०५८</td></tr>
<tr><td>७०.</td><td>मोहन कन्या माध्यमिक विद्यालयका मा.वि. तृतिय तहका शिक्षक गोपाल प्रसाद ज्ञवालीको ठाउँमा सट्टा शिक्षकको रुपमा नियुक्त मा.वि. तृतिय मन्जु पन्थीले मिति २०७६/१०/१५ मा राजिनामा दिए पनि निजलाई दोश्रो चौमासिकको पुरा तलब भुक्तानी भएकोले बढी भुक्तानी रकम निजबाट असुल गरि राजश्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>नाम</th><th>भुक्तानी दिनुपर्ने</th><th>भुक्तानी दिएको</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>३१-०७६/९/२५</td><td>मन्जु पन्थी</td><td>९४९७५.००</td><td>१५१९६०.००</td><td>५६९८५.००</td></tr>
</table>
</td><td>५६९८५</td></tr>
<tr><td>७१.</td><td>भौ.नं.१५६-०७७/३/२९, कोभिड-१९ महामारीको कारणले विद्यालय बन्दाबन्दीको अवस्थामा वालविकास समेत कक्षा १-८ सम्मको विद्यार्थीहरुलाई सिकाईमा सहजिकरण बापत संघिय सशर्तको रकम रु.४,००,०००/- र नगरपालिकाको आन्तरिक श्रोतबाट रु.५,९३,३६६/- गरि कुल रु.९,९३,३६६/- को पुस्तक छपाई गरि २० वटा नाफामुलक प्राइभेट बोर्डिङ्ग स्कुललाई वितरण गरेको देखियो। कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार नाफामुलक संस्थालाई यसरी दिन मिल्ने नदेखिएकोले पुस्तक वितरण गरेको निम्न प्राइभेट विद्यालयबाट लागत रकम असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>३५९४६५</td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | **विद्यालयको नाम** | **कक्षा १-४ सम्म** | **दर** | **कक्षा ५-८ सम्म** | **दर** | **जम्मा** | |
| | शैलोच्य ई. बोर्डिङ्ग स्कुल | ५७ | १०३.२३ | २६ | १०२.६६ | ८५५३.२७ | |
| | रिभर भ्याली बोर्डिङ्ग स्कुल | १२२ | १०३.२३ | १०० | १०२.६६ | २२८६०.१ | |
| | सनराईज बोर्डिङ्ग स्कुल | ८१ | १०३.२३ | ६३ | १०२.६६ | १४८२९.२ | |
| | समता बोर्डिङ्ग स्कुल | ३३ | १०३.२३ | ० | १०२.६६ | ३४०६.५९ | |
| | बेथल बोर्डिङ्ग स्कुल | २५२ | १०३.२३ | २५४ | १०२.६६ | ५२०८९.६ | |
| | पोलस्टार बोर्डिङ्ग स्कुल | ११८ | १०३.२३ | ९७ | १०२.६६ | २२१३९.२ | |
| | पाल्पा प्यारागन बोर्डिङ्ग स्कुल | ८७ | १०३.२३ | ७२ | १०२.६६ | १६३७२.५ | |
| | वृन्दाबन बोर्डिङ्ग स्कुल | ४७ | १०३.२३ | ५५ | १०२.६६ | १०४९८.१ | |
| | होप एण्ड ड्रिम बोर्डिङ्ग स्कुल | ३२ | १०३.२३ | ७ | १०२.६६ | ४०२१.९८ | |
| | बिजु बोर्डिङ्ग स्कुल | ७१ | १०३.२३ | ८० | १०२.६६ | १५५४२.१ | |
| | प्रशान्ति चिल्ड्रन एकाडमी | ५९ | १०३.२३ | ४८ | १०२.६६ | ११०१८.३ | |
| | न्यु होराइजन बोर्डिङ्ग स्कुल | २०५ | १०३.२३ | ३०८ | १०२.६६ | ५२७८१.४ | |
| | नेपाल ई. प्रिपेटरी बोर्डिङ्ग स्कुल | ५१ | १०३.२३ | ४८ | १०२.६६ | १०१९२.४ | |
| | पाल्पा आवासिय बोर्डिङ्ग स्कुल | ९४ | १०३.२३ | ८६ | १०२.६६ | १८५३२.४ | |
| | मिलेनियम मा.वि. | ४१ | १०३.२३ | ४ | १०२.६६ | ४६४३.०७ | |
| | सोकपितानियो बोर्डिङ्ग स्कुल | २४१ | १०३.२३ | २९० | १०२.६६ | ५४६४९.८ | |
| | लोटस बोर्डिङ्ग स्कुल | ६७ | १०३.२३ | ८ | १०२.६६ | ७७३७.६९ | |
| | सिद्धिविनायक बोर्डिङ्ग स्कुल | १३१ | १०३.२३ | १० | १०२.६६ | १४५४९.७ | |
| | लिटिल ल्याम्प बोर्डिङ्ग स्कुल | १२ | १०३.२३ | ० | १०२.६६ | १२३८.७६ | |
| | विज्डम बोर्डिङ्ग स्कुल | ९१ | १०३.२३ | ४३ | १०२.६६ | १३८०८.३ | |
| | **जम्मा रकम** | **१८९२** | | **१५९९** | | **३५९४६५.००** | |
| ७२. | **<u>संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगतः-</u>**<br>(१) शिक्षा तथा मानव श्रोत वकास केन्द्र सानोठिमीको कार्यक्रम कार्यन्वयन पुस्तिकाको बुंदा नं.८.६ मा नमुना विद्यालय सुधार गुरु योजना अनुरुप भौतिक निर्माण अनुसार उपलब्ध गर्दा विद्यालय र स्थानिय तहबिच सम्झौता गरि पहिलो पटक ५०% र बाँकी रकम कार्य प्रगतिको आधारमा उपलब्ध गराउने, विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने उल्लेख छ। पालिकाले वडा नं.९ मा रहेको श्री दमकडा मा.वि. लाई नमुना सामुदायिक माध्यमिक विद्यालय अन्तर्गत रु.१,५०,००,०००/-बजेट व्यवस्था भई विद्यालयको आई.सि.टि.ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन तथा स्वीकृत भौतिक पूर्वाधार निर्माण गर्न सम्झौता नगरि भौ.नं.२-०७६/११/२३ मा रु.५०,००,०००/- र भौ.नं.५-०७७/२/२६ मा रु.१,००,००,०००/-गरि रु.१,५०,००,०००/- उपलब्ध गराएको छ। पालिकाले विद्यालयसँग भौतिक पूर्वाधार तथा विभिन्न कार्यको लागि लागत अनुमान तयार गरि सम्झौता गर्नुपर्ने र सम्झौतामा उल्लेखित कार्य गर्न सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शनभित्र रहि निर्माण कार्य संचालन गर्नु पर्ने कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार गरिएको पाइएन। अतःविद्यालयले प्राप्त गरेको रकमबाट के कस्तो कार्यमा खर्च भएको सो को विवरण साथै विद्यालयको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्ने रु.<br>(२) जनता माध्यमिक विद्यालय (जे.भि.टि.) लाई सिभिल इन्जिनियरिङ कक्षा ११ का सामानको लागि पालिका र विद्यालयविच मिति २०७६/१०/२६ मा सम्झौता भए अनुसार विद्यालयले निम्न आपूर्तिकर्तासँग खरिद गरिएको विल अनुसार रु.१८,००,०००/-खर्च लेखेको छ। मिति २०७७/३/१७ मा भुक्तानीको | | | | | | १५०००००० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लागि पेश गरेको टिप्पणीमा सिभिल इन्जिनियरिङका सामान सेटिङ हुन बाँकी रहेको उल्लेख गरिएको छ। उक्त खरिद गरिएको सामान विद्यालयको जिन्सी खातामा आम्दनी वाधी विद्यालयको आम्दनी खर्च उल्लेख गरि लेखापरीक्षण प्रतिवेदन समेत पेश हुनु पर्दछ। | |
| ७३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८५ जनालाई रोजगारी उपलव्ध गराई रु.२५६३३०१/- खर्च गरेको छ । लक्षित वर्गलाई १९ दिनदेखि ३३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ७४. | भौ.नं.११६-०७७/३/१७, प्रधान्मन्त्री रोजगार कार्यक्रम अन्तर्गत सपाङ्गी देखि अर्चले सम्मको बाटो नालि निर्माणको लागि १५ जना श्रमिकलाई ११ देखि २० दिनसम्म रोजगार उपलब्ध गराए बापत रु.६४०/-का दरले जम्मा ज्याला रु.१,६६,९६०/- सिमेन्ट खरिद रु.८,३५२/- र बालुवा, गिट्टी, ढुङ्गा रु.२५,५००/- गरि कुल खर्च रु.२,००,८१२/- भएको तर निकासा रु.२,१३,०००/- भएकोले बढी भुक्तानी भएको रु १२१८८।०० असुल गर्नुपर्ने रु. | १२१८८ |
| ७५. | भौ.नं.६४-२०७६/१०/२, भुमि व्यवस्था, सहकारी तथा गरिब निवारण मन्त्रालयद्धारा जारी प्रोटोकोलमा गरिब घर परिवार पहिचानको लागि नियुक्त गरिएको १ जना सुपरिवेक्षक निशा रेग्मी लगायत १२ जना गणकहरुलाई फिल्डमा काम गरेको दिन दैनिक रु.३००/-का दरले यातायात खर्च दिन उल्लेख छ।तर सुपरिवेक्षक लगायत १२ जना गणकहरुको दैनिक हाजिरी परीक्षण गर्दा शनिवारको २० दिन काम गरेको देखएन।तर पालिकाले निजहरुलाई शनिवार काम नगरे पनि ५ महिनासम्म दैनिक रु.३००/- का दरले दिएको यातायाता खर्च निजहरुबाट असुल गरि दाखिला गर्नुपर्ने रु. | ७२००० |
| | **प्रदेश समपुरक** | |
| ७६. | **प्रदेश फिर्ता हुनुपर्ने-** यस शिर्षकमा बिनियोजन बजेटको ६० प्रतिशत नगरपालिकाको र ४० प्रतिशत प्रदेश समपुरकबाट खर्च गर्नुपर्ने व्यवस्था रहेकोंमा नारनडांडा बिंसडांडा अर्चले सापाखुम सडकमा रु.२८००९१८।०० र भालेबास छाप पिपलडांडा तिनाउ सडकमा रु.२०६४५०८।०० गरी कुल रु.४८६५४२६।०० खर्च भए अनुसार सो को ६० प्रतिशतले रु.२९१९२५५।०० नगरपालिकाले व्यहोर्नु पर्नेमा व्यहोरेको नदेखिएकोले प्रदेश संचित कोषमा पठाएको नदेखिएको हुनाले फिर्ता पठाउनुपर्ने रु.. | २९१९२५५ |
| ७७. | **गारवेज कम्प्याक्टर खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियमा १२१ मा खरिद सम्झौता बमोजिम समयमै सामान सप्लाइ गर्न नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशत पूर्व निर्धारित | |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । क्याटलक बिधिबाट गारवेज कम्प्याक्टर खरिदको लागि छनौट भएको अटोवेज प्रा.लि.पोखरासंग मिति २०७६।५।२२ गतेभित्र सप्लाइ गर्नेगरी रु.५०९००००।०० मा मिति २०७६।३।८ मा सम्झौता गरी गो.भौ.नं.२६।२०७६।७।६ बाट रु .५०९००००।०० भुक्तानी भएको छ । सप्लायर्सले भुक्तानी पाउँ भन्ने निवेदन,बिजक मिति जिन्सी दाखिला मिति २०७६।७।६ गते पेश गरेको देखिएकोमा सवारी साधनको परीक्षणको इन्सपेक्सन प्रतिबेदन मिति २०७६।६।२७ मा पेश गरेको कारण म्याद अवधिभन्दा ३५ दिन ढिलो गरी सवारी साधन सप्लाइ गरेकोले पूर्व निर्धारित क्षतिपूर्ति दैनिक रु.२५४५।०० को दरले रु.८९०७५ असुल गरी राजस्व दाखिला हुनुपर्ने रु.. | ८९०७५ |
| ७८. | <u>**समपुरक अनुदान प्रदेश तर्फः-**</u><br><u>**बढी खर्च लेखेको**</u><br>(१) भौ.नं.४-०७७/३/२५,निर्माण व्यवसायी सुदिप सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. लाई भालेवास छाप पिपलडाँडा तिनाउ सडक सुधार कार्यको दोश्रो रनिङ बिल रु.२,७७,८४७/-मात्र खर्च लेख्नु पर्नेमा रु.२,८५,३७३/- खर्च लेखेको हुदा बढी खर्च लेखेको रु.७,५२६/- असुल हुनुपर्दछ रु. | ७५२६ |
| | <u>**कर विजक वेगर मु.अ.कर भुक्तानी**</u><br>(२) भौ.नं.३-०७७/३/२५, निर्माण व्यवसायी सुदिप सुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.ली. लाई भालेवास छाप पिपलडाँडा तिनाउ सडक सुधार कार्यको प्रथम रनिङ विल मु.अ.कर रु.२,०४,६७९/-समेत रु.१७,७९,१३५/- कर विजक वेगर खर्च लेखेको देखियो अत कर विजक वेगर मुल्य अभिवद्धी कर खर्च रु.२,०४,६७९/-मा कट्टी गरेको ५०% ले रु.१,०२,३४०/-कट्टा गरि बाकि रु.१,०२,३४०/-को मु.अ.कर समायोजन पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १०२३४० |
| | **(३) <u>उपभोक्ता समिति मार्फत सिधै पाइप खरिदः-</u>**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने रु.५ लाख भन्दा माथी रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ।पालिकाले उपभोक्ता समितिसँग योजना निर्माणको सम्झौता गरि पाइप खरिद गरिएको विलको प्राविधिक मुल्याङ्कन नापी किताब तथा कार्य सम्पन्न तयार गरि निम्न बमोजिम रु.११,४४,४३२/- भुक्तानी गरेको नियम संगत देखिएन साथै उक्त खरिद पाइपहरु प्रयोग भएको समेत देखिएन । उक्त खरिद पाइपहरु प्रयोग भएको प्राविधिक प्रष्टयाई समेत पेश गर्नुपर्ने रु. | ११४४४३२ |

| भौ.नं./ मिति | उपभोक्ता समितिको नाम | आपूर्तिकर्ताको नाम | बिल नं./मिति | रकम | प्राविधिक मुल्याङ्कन रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ७-०७७/३/२७ | सुन्दर गाउँ खानेपानी तथा सरसफाई उ.स. | -चुदेउ ट्रेडिङ<br>-परोहा परमेश्वर इन्जिनियरिङ<br>-के.सी. हार्डवेयर एण्ड सप्लायर्स<br>**कुल रकम** | २१२६-०७७/३/२०<br>७-०७७/३/२४<br>९२-०७७/३/२३ | ९६८०९७.००<br>४७४२०४.००<br>९४७४५.००<br>१५३७०४६.०० | १२६६६०३.०० | ११४४४३२.०० |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७९. | **<u>प्रदेश सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत</u>**<br>**<u>अपाङमैत्री आवासिय भवनः-</u>**<br>भौ.नं.२-०७७/३/३०, पालिकाले दमकडा मा.वि. तानसेन दमकडामा अपाङ्गमैत्री आवासिय भवन निर्माणको लागि लागत अनुमान रु.७४,११,०७४/-मा पालिकाले रु.६६,५०,०००/- र सहभागिताले रु.७,३८,८८८/-व्यहोर्ने गरि उपभोक्तासँग मिति ०७६/११/१ मा सम्झौता गरि प्राविधिक मुल्याङ्कन रु.६०,८९,४३८/-मा रु.५९,१४,४३८/-खर्च लेखेको निम्न व्यहोरा देखियो।<br>(क) उपभोक्ता वा लाभग्राही समुदायले सम्झौता अनुसारको कार्य सम्पन्न गर्नुपर्दछ। सम्झौता भन्दा घटी कार्य गर्दा सम्झौताको अनुपातमा भुक्तानी गर्नुपर्दछ। सम्झौता अनुसार रु.७४,११,०७४/-को कार्य सम्पन्न गर्दा रु.६६,५०,०००/- भुक्तानी हुने तर उपभोक्ताले रु.६०,८९,४३८/-को मात्र कार्य सम्पन्न गर्दा अनुपातिक हिसाबले रु.५४,६४,०८८/-मात्र भुक्तानी गर्नुपर्नेमा रु.५९,१४,४३८/- भुक्तानी गरेको हुदा बढी भुक्तानी भएको रु.४,५०,३५०/-असुल हुनु पर्ने रु.<br>(ख) आयकर ऐन २०५८ को दफा ८९(३"क") मा उपभोक्ता समिति मार्फत कार्य गराउने गरि गरिएको ५० लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा १.५%का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्तालाई रु.५९,१४,४३८/- भुक्तानी गर्दा नियमानुसार कर कट्टा नगरेकोले कर वापतको रकम असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु. | ४५०३५०<br><br>८८७१७ |
| ८०. | **<u>बजेट खर्च हिसाब मिलान गरि फिर्ता गर्नुपर्ने अनुदान फिर्ता नगरेकोः-</u>**<br>भौ.नं.८-०७७/३/३१,संघिय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ति निकायबाट स्थानिय तहमा प्राप्त हुने समपुरक बाहेकका अनुदान खर्च नभई बाकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारबाट विशेष अनुदानमा प्राप्त रु.१,००,००,००/-मा खर्च भएको रु.६०,८९,४३८/-मा बचत भएको रु.३९,१०,५६२/- फिर्ता गर्नुपर्नेमा बैंक नगदी किताबमा फरक शिर्षकबाट भुक्तानी भएको हुदा शिर्षक मिलान उल्लेख गरि रु.१०,००,०००/-बजेट खर्च लेखि रु.२९,१०,५६२/-मात्र फिर्ता गरेको हुदा उक्त खर्च रु.१०,००,०००/- प्रमाण कागजात तथा गोश्वारा भौचर लेखापरीक्षणमा पेश नभएको साथै उक्त खर्च रकम कुन बजेट शिर्षक अन्तर्गत खर्च लेखि घटाइएको हो सो को प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा फिर्ता गर्नुपर्ने रु. | १०००००० |
| ८१. | **<u>स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमः-</u>**<br>(१) भौ.नं.५-०७७/१/७,चण्डी भञ्ज्याङ्ग लुंग जोर्ते मोटर बाटो निर्माण समितिसँग लागत अनुमान रु.१०,५८,५५०/-मा पालिकाले रु.९,५०,०००/-र जनसहभागिता रु.१,०८,५५०/-व्यहोर्ने गरि सम्झौता भएको र सो समितिले गरेको कामको प्राविधिक मुल्याङ्कन रु.१०,०६,०७७/- गरि रु.९,०५,४६९/- भुक्तानी गरिएको विल भरपाई परिक्षण गर्दा समितिले आपूर्तिकर्ता सुदिक्षा निर्माण एण्ड सप्लायर्ससँग ग्याविन जालि १.५*१*१को २० वटा, २*१*१ को २६ वटा खरिद गरिएको छ। उक्त खरिद गरिएको लागत अनुमान दरले हुने रु.३३,७०३/-सम्झौताको अनुपातिक हिसाबले सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ रु. | ३३७०३ |

| ग्याविन जाली | कार्य सम्पन्न प्रतिवेदन अनुसार | खरिद अनुसार हुने कार्य | बढी मुल्याङ्कन भएको | लागत अनुमान दर | बढि मुल्याङ्कन रकम |
|---|---|---|---|---|---|
| १.५*१*१ | ३६ घ.मि. | ३० घ.मि. | ६घ.मि. | ३३८३.५० | २०३०१.०० |
| २*१*१ | ५६घ.मि. | ५२ घ.मि. | ४ घ.मि. | ३३५०.७३ | १३४०२.०० |
| | जम्मा रकम | | | | ३३७०३.०० |

(२) **<u>बाँकी रकम फिर्ता गर्नुपर्नेः-</u>**

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३मा आर्थिक वर्षभित्र बाँकी रहन आएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्दछ। पालिकाले स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट खर्च गर्दा कट्टि गरिएको कन्टिन्जेन्सी रकम रु.१०,९८,०००/- आर्थिक वर्षको अन्त्यमा वाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको छैन । उक्त रकम अविलम्ब फिर्ता हुनुपर्दछ रु.</td><td>१०९८०००</td></tr>
<tr><td></td><td>(३) नगरपालिकालाई स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि विभिन्न १० योजनाका लागि रु.२,९३,६०,०००/-बजेट विनियोजन भएको छ। स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचान कार्यविधि) नियमावली २०७६को नियम ९ को उपनियम ५ बमोजिम आयोजना छनोट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकमको ५०% रकमबाट न्युनतम ५० लाख रुपैयाँ लवगत अनुमान भएको आयोजना र बाँकी ५०% रकमबाट न्युनतम १० लाख रुपैयाँ लागत अनुमान भएका आयोजना छनोट गर्नुपर्नेछ भन्ने व्यवस्था भएको सोहि व्यवस्था मुताविक आयोजना छनोट भएको देखिन्छ। सोही नियमावलीको नियम ११ को उपनियम ३ मा आयोजना कार्यान्वयन गर्दा ५० लाख रुपैयाँ वा सो भन्दा बढी लागत अनुमान भएका आयोजना वोलपत्रको माध्यमबाट ठेक्का व्यवस्था गरि गर्नुपर्ने व्यवस्था भएतापनि पालिकाले उक्त नियमावलीको व्यवस्था विपरित निम्न बमोजिम लागत अनुमान तयार गरि उपभोक्ता समिति मार्फत कार्य गरेको देखियो। अतः नियमावली विपरित उपभोक्ता समिति मार्फत कार्य गरि खर्च गरेको रु.
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>आयोजनाको नाम</th><th>बजेट रकम</th><th>लागत अनुमान रकम</th><th>कार्यालयले व्यहोर्ने रकम</th><th>सम्पन्न रकम</th><th>कार्यालयले व्यहोरेको रकम</th></tr>
<tr><td>योग तथा व्यायाम केन्द्र निर्माण उ.स.</td><td>योग तथा व्यायाम केन्द्र स्थापना</td><td>५००००००.००</td><td>५२९३९११.००</td><td>४७५००००.००</td><td>५२३०८८१.००</td><td>४७०७७९४.००</td></tr>
<tr><td>क्या. उजिर सिंह पार्क निर्माण समिति</td><td>क्या. उजिर सिंह पार्क निर्माण</td><td>५००००००.००</td><td>५५०७०४२.००</td><td>४७५००००.००</td><td>४१०९४७०.००</td><td>३६९८५२४.००</td></tr>
<tr><td>तानसेन विद्युतिय धातुको वोर्ड निर्माण समिति</td><td>तानसेन विद्युतिय धातुको वोर्ड स्थापना</td><td>५००००००.००</td><td>४०४३७५५.००</td><td>३६३९३७९.००</td><td>३२३४५९२.००</td><td>२९१११३२.००</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td></td><td></td><td></td><td></td><td>११३१७४५०.००</td></tr>
</table></td><td>११३१७४५०</td></tr>
<tr><td>८२.</td><td><u>बुझाउनुपर्ने रकम नबुझाएको अवस्थामा छुट दिने निर्णय गरि रकम फिर्ता गरेकोः-</u><br>भौ.नं.७३८-०७७/३/३१,श्रेष्ठ निर्माण सेवासँग श्रीनगर पार्क तथा भ्यु टावर संचालन तथ व्यवस्थापन गर्न मिति २०७६/५/१ गते देखि २०७७ असार मसान्त सम्म रु.२०,००,०००/-को आय ठेक्का सम्झौता भएको र सम्झौता अनुसार रु.१०,००,०००/- बुझाएको र बाँकी रु.१०,००,०००/-बुझाउन बाँकी रहेको अवस्थामा कोभिडको कारण २०७६ माघ देखि आन्तरिक तथा वाह्य पर्यटक नआएको कारण महिना बराबरको छुट दिन मिति २०७७/३/३१ मा निवेदन दिए अनुसार पालिकाले सो अवधिमा श्रेष्ठ निर्माण सेवाले श्रीनगर पार्क तथा भ्यु टावर संचालन तथ व्यवस्थापनको जाँचबुझ तथथा छानविन नगरि कोभिड शुरु हुनु भन्दा अगाडी देखिएको रकम छुट दिइ पालिकालाई प्राप्त गर्ने आम्दनी रकम दाखिला नगरेको अवस्थामा ५ महिनाको रकम फिर्ता दिएको नियमसम्मत नदेखिएको रु.</td><td>९०९०९०</td></tr>
<tr><td>८३.</td><td>राजुबास लुंहुङ्ग खा.पा.- यस पालिकाको वडा नं-१२ खानेपानी योजनाको लागि उपभोक्ताले रु.२११११११।०० व्यहोर्नेगरी रु.२११९६८०।०० को लागत अनुमान तयार गरी मिति २०७७।३।२० मा सम्पन्न गर्नेगरी मिति २०७७।२।१६ मा सम्झौता भए अनुसार प्राबिधिक मूल्यांकन रु.१८४८८४१।०० भए अनुसार गो.भौ.नं.२।२०७७।३।२९ बाट रु.१६६३९५७।०० भुक्तानी भएकोमा देहाय अनुसार देखिएको छ ।<ul><li>मिति २०७६।१०।१३ गते उपभोक्ता भेला गरी ११ सदसिय उपभोक्ता समिति गठन गरेकोमा सो भेलामा जनप्रतिनिधिको उपस्थिति बिना उपभोक्ता गठन गरेको देखिएकोले यसमा स्पष्ट गर्नुपर्दछ ।</li></ul></td><td></td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • उक्त निर्माण कार्यको योजना शाखाको सिफारिस तथा नगरस्तरीय अनुगमन बिना भुक्तानी दिएको एवम वडा स्तरिय अनुगमन फारममा संयोजकको दस्तखत नभएको अवस्थामा समेत भुक्तनी दिएकोले निर्माण कार्यको अनुगमन बिना भुक्तानी हुनुलाइ योजना निर्माणको आन्तरिक नियन्त्रण प्रणालि कमजोर रहेको अवस्था दर्शाउने हुनाले यसम सुधार हुनुपर्दछ ।<br>• वडा कार्यालयको मिति २०७७।३।२५ को सिफारिसमा निर्माण काम भैरहेकोले मूल्यांकन गरी भुक्तानीको लागि सिफारिस र खरिद भएको निर्माण सामाग्रीहरु प्रयोग नगर्दासम्म वडा कार्यालयको मातहत राख्ने उल्लेख भएको हुनाले पालिकाले निर्माण काम नहुँदै सामाग्री खरिद गरेको अवस्थामा भुक्तानी दिएको पाइएको हुनाले पालिकाले योजना सञ्चालनमा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएको हुदाँ यसमा तत्काल सुधार हुनुपर्दछ ।<br>• उक्त निर्माण कामको लागत अनुमानमा निर्माण सामाग्री खरिदमा रु.१७५७५४४।०० रहरेकोमा उपभोक्ता समितिले भुक्तानी लिदा रु.१८२११९२।०० को निर्माण सामाग्री खरिद गरी भुक्तानी दिएको छ । यसरी उपभोक्ता समितिहरुले सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको खरिद बिधि अपनाइ प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा सो नगरी उपभोक्ताले सिधैं खरिद गरेको देखिएको हुनाले यसमा सुधार हुनुपर्दछ । लागत अनुमानमा सामाग्री खरिद गर्नुपर्ने भन्दा बढी रकमको खरिद गरेकोले उपभोक्ताको योगदान कट्टा गरी रु.५७२८३।०० बढी भएको रकम असुल हुनुपर्ने रु.. | ५७२८३ |
| | **सशर्त प्रदेश** | |
| ८४. | **बौघागुम्बा खा.पा.-** यस पालिकाको वडा नं-१३ बौघागुम्बा खा.पा.खानेपानी योजनाको लागि उपभोक्ताले रु.२६१८०४।०० व्यहोर्नेगरी रु.२७५७०३६।०० को लागत अनुमान तयार गरी मिति २०७७।३।१५ मा सम्पन्न गर्नेगरी मिति २०७७।२।३२ मा सम्झौता भए अनुसार प्राबिधिक मूल्यांकन रु.२७५४०३६।०० भए अनुसार सशर्त गो.भौ.नं.५।२०७७।३।३१ बाट रु.१५०००००।०० र समपुरक प्रदेशको गो.भौ.नं.१२।२०७७।३।३१ बाट रु.११८३६३२।०० गरी कुल रु.२६८३६३२।०० मध्ये कन्टिजेन्सी र मर्मत सम्भार रु.१३०००००।०० कट्टी गरी रु.२५५३६३२।०० भुक्तानी भएकोमा देहाय अनुसार देखिएको छ ।<br>• उक्त योजनाको लागि निर्माण सामाग्री खरिद गरी रु.२७५४०३६।०० को प्राबिधिक मूल्यांकन भएकोमा उपभोक्ताको योगदान रु.२७५४०४।०० कट्टा गरी रु.२४७८६३२।०० मात्र भुक्तानी दिनुपर्नेमा रु.२५,५३,६३२।०० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.७५०००।०० असुल गरी प्रदेश संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.. | ७५००० |
| | • पालिकाले उपभोक्ता समितिलाइ आर्थिक वर्षको अन्त्यमा पाइप मात्र खरिद गर्नको लागि लागत अनुमान तयार गरी दिए अनुसार उपभोक्ता समितिले प्रशन्न ट्रेड लिङ्गस एण्ड सप्लायर्स तानसेनबाट मिति २०७७।३।३१ गते जि आइ पाइप २.५ इन्चको ७५० मिटर,२ इन्चको २१०० मिटर र २ इन्चको हेभी ६०० मिटर खरिद गरि रु.२७५४०३६।०० सप्लायर्सलाइ सिधैं भुक्तानी दिएको पाइएको हुदां पालिकाले सामान मात्र खरिद गर्न उपभोक्तलाइ दिन नहुने तथा उपभोक्ताले बैंक खाता नखोलेको अवस्थामा समझौता गर्न नहुनेमा सम्झौता गर्नुनै नियमसम्मत नदेखिनुको साथै खरिद गरीएका सामानहरु सम्बन्धित योजनामा प्रयोग भइ उपभोक्ताको योगदान समेत खुल्ने प्राबिधिक मूल्यांकन समेत पेश गरी नियमित गर्नुपर्ने रु.. | २७५४०३६ |
| | • आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखि भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले प्रशन्न ट्रेड लिङ्गस एण्ड सप्लायर्स तानसेनबाट बिजक | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नं.१५८।२०७७।३।३१ मू.अ.कर नं.६१२४१९५०४ ले पाइप खरिद गरी मु.अ.कर समेत रु.२७५४०३६।०० भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.१५८४१८।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले मू.अ.कर समायोजन पेश हुनुपर्ने वा असुल हुनुपर्ने रु.<br>• यसरी उपभोक्ता समितिहरुले सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको खरिद बिधि अपनाइ प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा सो नगरी उपभोक्ताले पाइप रु.२७५४०३६।०० सिधैं खरिद गरेको देखिएको हुनाले नियमसम्मत देखिएन।<br>उक्त योजनाको लागि प्रशन्न ट्रेड लिङ्कस एण्ड सप्लायर्स तानसेनबाट मिति २०७७।३।३१ गते जि आइ पाइप २.५ इन्चको ७५० मिटर,२ इन्चको २१०० मिटर र २ इन्चको हेभी ६०० मिटरको पाईपहरु रु.२७५४०३६।०० मा खरिद गरेको पाइयो । वडा नं.१३ को च.नं.५३४ मिति २०७७।२।२९ को सिफारिस अनुसार २.५ इन्चको जि आइ पाइप ६६ मिटर र २ इन्चको २१०० मिटर नगरपालिकाको वसपार्कको भवनको पछाडि पट्टी रहेको र सो को जिम्मा वडा नं.-१३ को कार्यालय रहेको उल्लेख भएको तथा प्रशन्न ट्रेड लिङ्कस एण्ड सप्लायर्स तानसेनको मिति २०७७।३।२ को पत्रानुसार २.५ इन्च २ इन्चको मिडियम ५ पिस र २ इन्चको १०० पिस पाइपहरु मिति २०७७।३।३० गते उपलब्ध गराउने उल्लेख भएको पाइएकोले सप्लायर्सले सम्पूर्ण पाइपहरु उपलब्ध नगराएको अवस्थामा सम्पूर्ण रकम भुक्तानी गरेको तथा वडा कार्यालयको सिफारिसमा खरिद गरिएका बिजक अनुसारका पाइपहरुको परिमाण उल्लेन नभइ निकै कम परिमाणको मात्र सामान प्राप्त भएको र ति पाइपहरुको वडा कार्यालयले जिम्मा लिएको सिफारिस संलग्न हुनुले भुक्तानी अनुसारको सम्पूर्ण पाइपहरु प्राप्त भए भन्न सकिने अवस्था देखिएन । साथै उपभोक्ता समितिसंग सम्झौता हुनुभन्दा अगावै पाइप प्राप्त भएको वडा कार्यालयको सिफारिस पेश भएकोले पाइप सप्लाई सम्बन्धमा यकिन हुन सकिएन । खरिद गरिएका पाइपहरु जिन्सि दाखिला समेत गरेको नपाइएकोले यस सम्बन्धमा पालिकाले यकिन गरी प्रयोग गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ । | १५८४१८ |
| ८५. | **सुन्दरगाउँ खा.पा.-** यस पालिकाको वडा नं-७ सुन्दर खानेपानी योजनाको लागि उपभोक्ताले रु.१५८३३३।०० व्यहोर्नेगरी रु.१६०९१३८।०० को लागत अनुमान तयार गरी सम्झौता भए अनुसार प्राबिधिक मूल्यांकन रु.१२६७०९७।०० भए अनुसार सशर्त गो.भौ.नं.४।२०७७।३।३१ बाट रु.११४४४३२।०० भुक्तानी भएको देखिन्छ । उपभोक्ताले लागत अनुमान अनुसार निर्माण काम नगरी पाइप मात्र खरिद गरेको आधारमा भुक्तानी भएको र उपभोक्ताले पाइप खरिद सार्वजनिक खरिद ऐन तथा नियमावलीको खरिद बिधि अपनाइ प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा सिधैं खरिद गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।<br>• खरिद गरेको पाइपहरु जिन्सी दाखिला नभएको र ति पाइपहरु सम्बन्धित योजनामा प्रयोग भएको प्राबिधिक प्रतिबेदन पेश हुनुपर्ने रु..<br>सुन्दर खा.पा.खानेपानी योजनाको लागि प्राबिधिक मूल्यांकन रु.१२६७०९७।०० भए अनुसार उपभोक्ताको योगदान कट्टा गरी रु.११४०३८७।०० भुक्तानी दिनुपर्नेमा सशर्त गो.भौ.नं.४।२०७७।३।३१ बाट रु.११४४४३२।०० भुक्तानी भएकोले रु.४०४५।०० बढी भुक्तानी भएको असुल गरी प्रदेश संचित कोषमा दाखिला हुनुपर्ने रु.. | १२६७०९७<br>४०४५ |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ८६. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको रु.१६,४७,१२२।६१ को सोझै खरिद गरेको देखियो ।</td><td></td></tr>
<tr><td>८७.</td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था  गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.२८,२३,०८७।८७ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राखे गरेको छैन ।</td><td></td></tr>
<tr><td>८८.</td><td>डीपीआर खर्च — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>ठूलो बौद्ध मूर्ती निर्माण</td><td>डेकोर स्टुडियो प्रा.लि. काठमाडौं</td><td>१९,८१,६१६.५९</td><td>५५२३९६</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>८९.</td><td>सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.५,९८,९००/- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।
<table>
<tr><th>भौचर नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१६९/२०७६-७-६</td><td>लालिगुँरास इन्फोटेक प्रा.लि.</td><td>योजना तथा कार्यक्रम संचालन</td><td>३७२९००</td></tr>
<tr><td>१७१/२०७६-७-६</td><td>विजनेश म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.</td><td>जिन्सी अभिलेख व्यवस्थापन</td><td>२२६०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५९८९००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९०.</td><td>गो.भौ.नं.५६२/२०७७-३-२४कुनै पनि निर्माण व्यवसायीलाई मूल्य अभिबृद्धि कर सहितको रकम भुक्तानी गर्दा निजबाट जारी भएको रितपूर्वकको बिलको आधारमा भुक्तानी दिनुपर्दछ । पालिकाले वडा नं. १४ पाल्पाको दर्शौं बाटो निर्माणका लागि बुढाथोकी कन्स्ट्रक्सनलाई जिम्मेवारी दिएकोमा निजले भुक्तानीका लागि श्रृंगेश्वर इन्टरप्राइजेजको रु.७००६०/- को प्यान बिल तथा शुम रेसुङ्गा ट्रेडिङ्ग प्रा.लि.को इन्धनको रु.५९,९९५।९४ को बिजक पेश गरेको पाइयो । प्राविधिक मुल्याङ्कनका आधारमा रु.१४६१२।९४ मूल्य अभिबृद्धि कर सहित रु.१२७०२०।१६ भुक्तानी दिएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट</td><td>१४६१२</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रितपूर्वकको कर बिजक जारी नभएको अवस्थामा निजलाई भुक्तानी गरिएको मूल्य अभिबृद्धि कर रकम असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>९१.</td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई कार्यसम्पन्न भए पश्चात भुक्तानी दिँदा लागत अनुमानमा रहेको कन्टेन्जेन्सी, मु.अ. कर र जनश्रमदान कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले अमरनारायण परिसर अतिक्रमित जग्गा व्यवस्थित गर्ने कार्यक्रमका लागि उपभोक्ता समितिसँग सम्झौता भई कार्यसम्पन्न भए पश्चात प्राविधिक मुल्याङ्कन रु.३२२५४३।६६ भएकोमा कन्टिन्जेन्सी र जनश्रमदानको रकम कट्टा गरी रु.२९०२८९/- भुक्तानी गर्नुपर्ने भनी मिति २०७७/३/२३ को टिप्पणीबाट सिफारिस भई आएकोमा रु.३१५२८९/- भुक्तानी गरी रु.२५०००/- बढी भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>२५०००</td></tr>
<tr><td>९२.</td><td><u>उपभोक्ता समितिलाई सिमा भन्दा बढीको कार्यः-</u> सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा १ करोड सम्म लागत अनुमान भएको सोही आर्थिक वर्षभित्र सम्पन्न हुने निर्माण कार्य मात्र सम्बन्धीत उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत समावेश हुने व्यवस्था छ।तर पालिकाले मुल्य अभिवृद्धि कर ओभरहेड कन्टिन्जेन्सी समावेश नगरी लागत अनुमान १ करोडभित्र राखि उपभोक्ता समिति मार्फत निम्न अवधिमा सम्पन्न गर्ने गरि सम्झौता गरि यस वर्ष रु.६,००,०००/-खर्च लेखेको छ।सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरित हुने गरि उपभोक्ता समितिबाट नगरि प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरि बोलपत्रबाट हुनु पर्दछ।खरिद नियमावलीको विपरितको लागत अनुमान तयार गरि उपभोक्तासँग सम्झौता गरि खर्च गरेको रु.
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>लागत अनुमान तथा सम्झौता रकम</th><th>सम्झौता अवधी</th><th>यस वर्ष भुक्तानी रकम</th></tr>
<tr><td>तानसेन चक्रपथ उपभोक्ता समिति</td><td>९९१०२०३.००</td><td>०७७/२/३२-०७७/३/२५</td><td>६०००००.००</td></tr>
<tr><td>बर्तुङ प्रवास बाँस्तारी डुम्रे सडक</td><td>९९९९६१६.००</td><td>०७७/२/२८-०७७/३/१०</td><td>-</td></tr>
<tr><td>जम्मा रकम</td><td>-</td><td>-</td><td>६०००००.००</td></tr>
</table></td><td>६०००००</td></tr>
<tr><td>९३.</td><td><u>टुक्रा पारि उपभोक्ता समिति मार्फत काम गरेकोः-</u><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा-टुक्रा पारि खरिद गर्न नहुने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा रु.२० लाख भन्दा बढीको निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ।सोहि नियमावलीको नियम ९७ मा मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत सामवेश भएको रु.१ करोडसम्मको काम उपभोक्ता समितिलाई दिन सकिने व्यवस्था छ।पालिकाले बतासे डाँडा ढुङ्गा खानी हुदै सामाकोटको बाटो निर्माण तथ स्तरोन्नतीका लागि रु.१०,००,०००/- बजेट व्यवस्था भएकोलाई ३ वटा टुक्रा गरि मु.अ.कर, ओभरहेड र कन्टिन्जेन्सी समावेश नगरी रु.९५,९५,७४८/- लागत अनुमान प्राविधिक मुल्याङ्कन रु.७८,८५,४६५/- गरि रु.७०,०६,०२७/- खर्च लेखेको छ।अतः बजेट व्यवस्था भए अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धात्मक तरिकाले निर्माण गर्नुपर्नेमा टुक्रा गरि उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउनु नियम संगत नभएको रु.
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>लागत अनुमान</th><th>पालिकाले व्यहोर्ने रकम</th><th>कार्य सम्पन्न रकम</th><th>पालिकाले व्यहोरेको रकम</th></tr>
<tr><td>-जिरो देखि अप्पुभिलेज सम्म रिटेनिङ वाल निर्माण उ.स.</td><td>१६९१९४०.००</td><td>१५२००००.००</td><td>१२५८३३७.००</td><td>११२७०००.००</td></tr>
<tr><td>बतासे डाँडा ढुङ्गा खानी हुदै तिन लाकुरी मो.बा.उ.स.</td><td>६३५१७७७.००</td><td>५७०००००.००</td><td>५०९४८७५.००</td><td>४५०००००.००</td></tr>
</table></td><td>७००६०२७</td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| बतासे डाँडा ढुङ्गा खानी हुदै रिब्दीकोटसम्म मो.बा.उ.स. | १५५२०३१.०० | १३९६५००.०० | १५३२२५३.०० | १३७९०२७.०० |
| जम्मा रकम | ९५९५७४८.०० | ८६१६५००.०० | ७८८५४६५.०० | ७००६०२७.०० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९४. | **नयाँपाटी सामुदायिक रेडियो मदन पोखरा मोटरबाटोः-**<br>नयाँपाटी सामुदायिक रेडियो मदन पोखरा मोटरबाटो उपभोक्ता समितिसँग मिति ०७६/३/३१ भित्र सम्पन्न गर्नुपर्ने गरि मिति ०७६/२/७ मा लागत अनुमान रु.३२,१४,९०६/-मध्ये पालिकाले रु.२५,६५,०००/- र जनसहभागिता रु.६,४९,९०६/-व्यहोर्ने गरि सम्झौता भएको र प्रथम रनिङ विलको गत वर्ष रु.११,१६,६४०/-प्राविधिक मुल्याङ्कन गरि रु.११,१६,०००/-भुक्तानी गरेको र यस वर्ष दोश्रो रनिङ विलको रु.१७,६०,०२६/-प्राविधिक मुल्याङ्कन गरि रु.११,८४,६९०/- गरि रु.२३,००,६९०/-भुक्तानी भएको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखियो ।<br>(क) नगरपालिकाले पहिलो रनिङ विलको र दोश्रो रनिङ विलको उल्लेख हुने गरि नापि किताब तयार गर्नुपर्दछ। तर संलग्न नापि किताब एकमुष्ट अद्यावधिक तयार भाएको देखियो। अतःअद्यावधिक नापि किताबमा प्रत्येक रनिङ्ग बिलको नापी अनुसारको परिमाण दर र रकम उल्लेख गरी अघिल्लो रनिङ विलको समेत जोडजम्मा गरी हालसम्मको देखिने गरी नापी किताबमा अध्याबधिक रुपमा खुलाइ उल्लेख गरि तयार गर्नुपर्दछ।<br>(ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिसँग सम्झौता भए अनुसार सम्झौता अवधि भित्र सम्पन्न गर्ने गराउने गर्नु पर्दछ। तर उपभोक्ता समितिले सम्झौता अवधि भित्र ३४.७३% मात्र कार्य गरेको बाँकी कार्य सम्झौता अवधि पछाडी गरेको अवस्था देखियो । पालिकाले सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ।<br>(ग) पालिकाले नयाँपाटी सामुदायिक रेडियो मदन पोखरा मोटरबाटो उपभोक्ता समितिसँग सम्झौता भई काम भएको प्राविधिक मुल्याङ्कन रु.१७,६०,०२६/- भए अनुसार पालिकाले रु.११,८४,६९०/- नयाँपाटी सामुदायिक रेडियो मदन पोखरा मोटरबाटो उपभोक्ता समितिलाइ भुक्तानि गर्नुपर्नेमा पालिकाले चुचेवारी चापपानी शिखरडाँडा मोटरबाटो उपभोक्ता समितिको बैंक खातामा भुक्तानी गरेको देखियो । नयाँपाटी सामुदायिक रेडियो मदन पोखरा मोटरबाटो उपभोक्ता समितिसँग सम्झौता तथा काम गरेको रकम भुक्तानी अर्को समितिलाई भएकोले खर्च नियमित भन्न नसकिएको रु. | ११८४६९० |
| ९५. | **विभिन्न वडामा योग तथा व्यायम केन्द्र निर्माण गर्न एउटै उपभोक्ता समिति गठन गरिएकोः-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायहरुबाट गराउन सकिने व्यवस्था छ। पालिकाले विभिन्न वडाहरु वडा नं.१,३,१०,१२,१४ मा १/१ वटा र वडा नं.५,६,९ मा २/२ वटा गरि ११ वटा योग तथा व्यायम केन्द्र स्थापना गर्न एकमुष्ट लागत अनुमान रु.५२,९३,९११/- तयार गरि एउटै उपभोक्ता समिति गठन गरि पालिकाले रु.४७,५०,०००/- उपभोक्ताले रु.५,४३,९११/-व्यहोर्ने गरि मिति २०७७/२/२७ मा सम्झौता भए अनुसार कार्य सम्पन्न गरि प्राविधिक मुल्याङ्कन रु.५२,३०,८८१/-मा पालिकाले रु.४७,०७,७९४/-खर्च लेखेको छ। नियममा सम्बन्धीत स्थानमा बसोबास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था भएको तर पालिकाले विभिन्न ११ स्थानमा निर्माण हुने कार्य एउटै उपभोक्ता समिति मार्फत गराएको पाइयो। यस प्रकारको निर्माण कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि बोलपत्रको माध्यमबाट गराउने तर्फ ध्यान दिनु पर्दछ। | |
| ९६. | **कार्य सम्पन्न प्रतिवेदन तयार गरि अभिलेख राख्नुपर्नेः-** | |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेछ। सम्बन्धीत सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ती तथ पदाधिकारीको नाम र पद समेत खुल्ने गरि कार्य सम्पन्न प्रतिवेदन तयार गरि अभिलेख राख्ने गरेको पाइएन। | |
| ९७. | <u>सेती पोखरी सिस्ने वडहरवोट गुफाचौर मोटरबाटो स्तरोन्नती</u><br>भौ.नं.८-०७६/७/१४, सेती पोखरी सिस्ने वडहरवोट गुफाचौर मोटरबाटो स्तरोन्नती उपभोक्ता समितिलाई प्रथम रनिङ विल रु.२७,९६,१४४/-प्राविधिक मुल्याङ्कन गरि रु.२२,००,०००/- भुक्तानी गरेको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखियो ।<br>(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले सम्झौता अवधी भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। तर उपभोक्ता समितिसँग गत आर्थिक वर्ष मिति २०७६/३/१९ को सम्झौता अनुसार मिति २०७६/३/२५ भित्र सम्पन्न गर्नुपर्ने गरि लागत अनुमान रु.३५,७४,०९३/-मध्ये पालिकाले रु.२८,५०,०००/-व्यहोर्ने गरि सम्झौता भएकोमा प्रथम रनिङ विल आ.व. २०७६/७७ मा पेश भै प्राविधिक मुल्याङ्कन गरि भुक्तानी दिएको पाइयो। अतःपालिकाले सो ही आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरि उपभोक्तासँग सम्झौता गरे अनुसार काम सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।<br>(ख) भुक्तानी गरेको गोश्वरा भौचर साथ ठेक्का विल संलग्न नभएकोमा फाटवारी तथा प्राविधिक मुल्याङ्कनको फाटवारी पेश भएकोमा सोही उपभोक्तासँग सोही बाटो स्तरोन्नतीको लागि मिति २०७५/१२/१० मा मिति २०७६/३/१५ भित्र सम्पन्न गर्ने गरि लागत अनुमान रु.४७,६२,१२९/-मध्ये पालिकाले रु.३८,००,०००/-व्यहोर्ने गरि सम्झौता भएको पाएको सो सम्झौता बमोजिम आ.व. २०७५/७६ को गो.भा. नं.७५७ मिति २०७६/३/३१ मा अन्तिम विलको रकम भुक्तानी भएको पाइयो। उपभोक्ता समितिसँग सोही सम्झौता अवधिमा पुन लागत अनुमान रु.३५,७४,०९३/- तयार गरि मिति २०७६/३/२५ भित्र सम्पन्न गर्नुपर्ने गरि पालिकाले रु.२८,५०,०००/-व्यहोर्ने गरि मिति २०७६/३/१९ मा सम्झौता गरि उपभोक्ता समितिले सम्झौता अनुसार कार्य सम्पन्न नगरेको अवस्थामा प्रथम रनिङ विलको प्राविधिक मुल्याङ्कन गरि भुक्तानी दिन बाँकीको कच्चावारी वेगर भुक्तानी दिएको नियमित नदेखिएको रु.<br>(ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत रु.१ करोड सम्मको निर्माण कार्य उपभोक्ता समितिलाई दिन सकिने व्यवस्था छ। पालिकाले उक्त उपभोक्ता समितिसँग २ पटक गरि मु.अ.कर, ओभरहेड, कन्टिन्जेन्सी बाहेक रु.८३,३६,२२२/-को निर्मण कार्य गर्ने लागत अनुमान गरि सम्झौता गरेको पाइयो। उक्त मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी समावेश गर्दा रु.१ करोडको सिमा भन्दा बढी हुने रकम उपभोक्ता समितिबाट सम्झौता गरि निर्माण कार्य गराएको पाइयो। | २२०००००० |
| ९८. | <u>रुख कटान सम्बन्धमाः-</u><br>निर्माण व्यवसायी पाल्पाली समिलसँग शिलबन्दी दरभाउपत्रको माध्यमबाट मिति २०७७/२/५ मा तानसेन सव डिभिजन वन कार्यालयको छपान ढाँचा अनुसार तोकिएको रुख कटान, सेक्सनिङ, वोक्रा हटाउने, नापि तथा नम्बरिङ गर्ने, गोलिया याडिङ गर्ने, लोड अनलोड गर्ने, पाइलिङ गर्ने साथै सामुदायिक वन उपभोक्ता समुहले तोकेको स्थानसम्म ढुवानी गरि दाउरा कटान मुछान लगायत धार गट्टी गर्ने सम्झौता भए अनुसार प्रति क्यु.फिट ७७.२०(मु.अ.कर बाहेक) सल्लाको रुख १७,८२७.८४ क्यु.फिट को मु.अ.कर समेत | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.१५,५५,२२८/- खर्च लेखेको छ। वन तथा भु-संरक्षण विभाग बबरमहल र तानसेन नगरपालिका विच मिति २०७६/३/१० गते भएको सम्झौता अनुसार तानसेन नगरपालिका वडा नं.५ मा पर्ने मिलिजुलि पालेको रमाइलो सामुदायिक वनको ४.९९ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र त्यहाँ रहेको १२९१ वटा रुख विरुवा हटाउने, रुख विरुवाबाट प्राप्त काठ दाउराको हकमा बजारको प्रचलित मुल्य अनुसार सम्बन्धीत निकायमा बुझाउनुपर्ने, वनबाट उत्पादन भएका वन पैदावार प्रचलित कानुन अनुसार हस्तान्तरण /लिलाम/व्यवस्थापन सम्बन्धित डिभिजन वन कार्यालयले गर्ने उल्लेख भएको छ। सो अनुसार कट्टान बाट प्राप्त काठ दाउरा वन कार्यालयलाई बुझाइएको पाइएन। उक्त रुख कटानबाट प्राप्त काठ दाउरा मिलिजुली पालेको रमाइलो सामुदायिक वनलाई बुझएको भन्ने लेखापरिक्षणमा मौखिक जवाफ प्राप्त भएको छ। उक्त काठ दाउरा बुझाएको प्रमाण साथै काठ दाउरा हस्तान्तरण/लिलाम/व्यवस्थापन गरेको प्रमाण पेश हुनुपर्दछ रु. | १५५५२२८ |
| ९९. | <u>**नगरपालिका पूँजिगत**</u><br><u>**कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाः-**</u> पालिकाले गैह्र सहकारी संघ संस्था तथ निजि क्षेत्र बिचको सहकार्यमा गरिवी निवारण दिर्घकालिन परियोजना संचालन गर्ने उद्देश्यले कृषि तथ पशु वस्तुहरुको उत्पादन बृद्धि गरि रोजगारी मुलक उद्दमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालसँग मिति २०७६/८/३० देखि २०७९ असार १६ सम्म परियोजना संचालन गर्न रु.४,५९,६९,७५०/-मा ७५% ले रु.३,४४,७५,५००/- पालिकाले व्यहोर्ने र बाँकी २५% रु.१,१४,९४,०७०/-संस्थाले व्यहोर्ने गरि सम्झौता भए अनुसार यस वर्ष रु.४४,८२,६२९/-खर्च लेखेकोमा निम्न व्यहोरा देखियो।<br>(क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलिकरण, मुलप्रवाहिकरण जस्त कार्य गैर सरकारी संस्थाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्यी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि कामको गुणस्तर, जनशक्ती, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकम मोटामोटी अनुमान तयार गर्नुपर्ने उल्लेख छ। अतःपालिकाले कृषि तथ पशु उद्दमशिलता विकास परियोजना संचालन गर्न गैर सरकारी संस्था मार्फत संचालन गर्न ऐन नियममा व्यवस्था भएको देखिएन। साथै पालिकाको उक्त परियोजना संचालनको लागि कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनश्क्ती, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरेको समेत देखिएन।<br>(ख) सम्झौतको बुदा नं. ७.२ मा परियोजना कार्यान्वयनका लागि परियोजना प्रस्तावनामा उल्लेख गरिएका स्थानिय साझेदारी संस्था सँग हेफर प्रोजेक्ट नेपालले छुट्टै सम्झौता गर्ने उल्लेख छ। पालिकाले परियोजना संचालन गर्न सरोकारवाला स्थानिय संस्थाहरुसँग सिधै संचालन नगरि गैर सरकारी संस्था मार्फत ऐन नियममा गैर सरकारी संस्था मार्फत संचालन गर्न सकिने प्रावधान वेगर पालिकाले ७५% र गैर सरकारी संस्थाले २५% रकम व्यहोर्ने गरि खर्च लेखेको नियम संगत देखिएन।<br>(ग) सम्झौताको बुदा नं. ८ मा परियोजनाको वार्षिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त पछि नेपालको कानुन बमोजिम लेखापरीक्षण गर्न योग्य चार्टर एकाउन्टेन्ट फर्मबाट गराउने उल्लेख छ। त्यस्तै बुदा नं. ९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७६ बमोजिम चौमासिक रुपमा अनुगमन मुल्याङ्कन गर्ने उल्लेख छ। यस प्रकार सम्झौतामा उल्लेख भए बमोजिम हेफर प्रोजेक्ट नेपालले | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आर्थिक वर्ष समापन पछि चार्टर एकाउन्टेन्ट फर्मबाट लेखापरीक्षण गराई प्रतिवेदन र पालिकाले व्यवस्थापन तथा अनुगमन समितिबाट अनुगमन मुल्याङ्कन गरि प्रतिवेदन समेत लेखापरीक्षणमा पेश भएको छैन।</td><td></td></tr>
<tr><td></td><td>नगरपालिका चालुतर्फ</td><td></td></tr>
<tr><td>१००.</td><td>बिल भरपाई नभएको - अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. १२७/२०७६-५-१८ बाट प्लेन टिकट बापत बिदुर बस्नेतलाई रु.१७,५००/- भुक्तानी दिएकोमा बिल भरपाई संलग्न रहेको पाइएन । उक्त बिल भरपाई बेगरको भुक्तानी निजबाट असुल गर्नुपर्ने रु.</td><td>१७५००</td></tr>
<tr><td>१०१.</td><td><u>खर्चको प्रमाण पेश नभएकोः-</u><br>आर्थिक कार्यविधि तथ वितिय उतरदायित्व ऐन २०७६ को दफा २४(३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजन बजेटको सिमा भित्र रहि रित पूर्वकको कागजात प्राप्त भएपछि भुक्तानी गर्नुपर्दछ। त्यस्तै आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको खर्च लेखेकोमा खर्चको प्रमाण भौचर साथ संलग्न नगरि खर्च लेखेको छ। अतःखर्चको प्रमाणहरु पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>बजेट शिर्षक</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२३-०७६/७/१६</td><td>नगरपालिका पूँजिगत</td><td>कर्माचार्य कन्सट्रक्सनलाई भुक्तानी खर्च लेखेको गोश्वरा भौचर तथा खर्चको प्रमाण संलग्न नभएको रु.</td><td>१६३०५७५.००</td></tr>
<tr><td>२४-०७६/७/१६</td><td>नगरपालिका पूँजिगत</td><td>चुच्चेवारी चापपानी शिखरडाँडा मो.बा.उ.स. लाई खर्च लेखेको गोश्वारा भौचर तथ खर्चको विल भरपाई संलग्न नभएको रु.</td><td>२१९२२०.००</td></tr>
<tr><td>१०४-०७६/१०/१०</td><td>नगरपालिका पूँजिगत</td><td>जगन्नदेवी ट्रेडर्सलाई भुक्तानी दिएको गेश्वरा भौचर तथा खर्चको विल भरपाई संलग्न नभएको रु.</td><td>२१७९५.००</td></tr>
<tr><td>२१८-०७६/१२/१९</td><td>नगरपालिका पूँजिगत</td><td>लक्ष्मी अटोमोबाइललाई सवारी साधन मर्मत खर्च लेखेको गोश्वारा भौचर तथा खर्चको विल भरपाई संलग्न नभएको रु.</td><td>३१९६१०.००</td></tr>
<tr><td>३०५-०७७/२/१८</td><td>नगरपालिका पूँजिगत</td><td>वार्ड नं.१४मा ओवेटेश्वर देखि भगवती मन्दिर मो.बा. र पर्खाल निर्माण समितिलाई खर्च लेखेको गोश्वरा भौचर तथ खर्चको विल भरपाई संलग्न नभएको रु.</td><td>६२८८०७.००</td></tr>
<tr><td>७१८-०७७/३/३१</td><td>नगरपालिका पूँजिगत</td><td>श्रीनगर विग वृद्ध उल्लेख गरि खर्च लेखेको गोश्वारा भौचर तथा खर्चको विल भरपाई संलग्न नभएको रु.</td><td>१९८१६१६.००</td></tr>
<tr><td>४१९-०७७/३/१५</td><td>नगरपालिका पूँजिगत</td><td>सन्ध्या विश्वकर्माले २८ जना वास योजनामा खटाइएका गणकहरुको रकम रु.७,३४,५२०/-मा आ.कर रु.६,९५६/-कट्टा गरि वितरण गर्न लिइएको रु.७,२७,५९४/- सम्बन्धितलाई रकम बुझाएको प्रमाण संलग्न नरहेको रु.</td><td>७२७५९४.००</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td></td><td>५५२९२१७.००</td></tr>
</table></td><td>५५२९२१७</td></tr>
<tr><td>१०२.</td><td>भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(२) बमोजिम हवाई यातायातको सुविधा लिने पदाधिकारी वा कर्मचारीले हवाईटिकट पेश गरेमा मात्र सो बापतको रकम पाउने व्यवस्था छ । पालिकाले गो.भौ.नं. १३१/२०७६-६-२८ बाट श्री शशि श्रेष्ठलाई मिति २०७७/७/२७ मा काठमाडौं भैरहवाको हवाईयातायात खर्चबापत रु.३१५०/- भ्रमण खर्च भुक्तानी गरेकोमा निजको बोर्डिङ पास तथा टिकट भौचरसाथ संलग्न रहेको पाइएन । हवाईयात्राको बोर्डिङ पास तथा टिकट पेश गर्नुपर्ने अन्यथा निजबाट असुल गर्नुपर्ने रु.</td><td>३१५०</td></tr>
<tr><td>१०३.</td><td>भुक्तानीमा कर- आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले काबेरी ट्राभल्स एण्ड टुरलाई टिकट शुल्क बापत रु.२,८५,०००/- गो.भौ.नं.</td><td>४२७५</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>१२८/२०७६-५-१८ बाट रु.२,८५,०००/- भुक्तानी गरेकोमा नियमानुसार लाग्ने रु.४२७५/- अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर रकम असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>१०४.</td><td>बढी भुक्तानी- अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको भुक्तानीमा पेश भएको बिलभरपाई भन्दा बढी भुक्तानी दिएको पाइयो । बढी भुक्तानीको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>बिल भरपाईको रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>३४८/२०७६-९-३</td><td>श्री नर्मदा घिमिरे</td><td>१०२८५०</td><td>९७०५०</td><td>५८००</td></tr>
<tr><td>६०८/२०७६-११-२३</td><td>श्री रेशमलाल न्यौपाने</td><td>१२९०००</td><td>१२८०००</td><td>१०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३१८५०</td><td>२२५०५०</td><td>६८००</td></tr>
</table></td><td>६८००</td></tr>
<tr><td>१०५.</td><td>प्रमाण पेश गर्नुपर्ने: अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको भुक्तानी गर्दा प्रमाण संलग्न गरेको पाइएन । प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th><th>पेश गर्नुपर्ने प्रमाण</th></tr>
<tr><td>३६०/२०७६-९-८</td><td>श्री पाल्पाली टुर एण्ड ट्राभल्स</td><td>९४००</td><td>भ्रमण आदेश र भ्रमण बिल</td></tr>
<tr><td>४४०/२०७६-१०-७</td><td>श्री कैलाशनगर पब्लिकेशन प्रा.लि.</td><td>८४७५</td><td>प्रकाशित भएको सूचना</td></tr>
<tr><td rowspan="6">८९३/२०७७-३-५</td><td>श्री भूसालडाँडा मा.वि.,ता.न.पा.-१</td><td>३६६०००</td><td rowspan="6">सम्बन्धित विद्यालयलाई करारमा नियुक्त गरेका शिक्षकहरुलाई तलबबापत भुक्तानी गर्न अनुदान दिएकोले तलब भुक्तानी गरेको भरपाई</td></tr>
<tr><td>श्री जनप्रिय मा.वि. ,ता.न.पा.-६</td><td>३६६०००</td></tr>
<tr><td>श्री गार्गी मा.वि. ,ता.न.पा.-११</td><td>३६६०००</td></tr>
